का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ असार २०७९,
बुधबार
6 July 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १५१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# नागरिकता विधेयक फिर्ताको अर्थ

लामो समय संसदमा विचाराधीन नागरिकता विधेयक सरकारले फिर्ता लिएको छ । यसको पछाडिको कारण हो- वैवाहिक अंगीकृत नागरिकता । तत्काल दिने कि ७ बर्ष पछि भन्ने विवादले विधेयक नै फिर्ता गराएको देखिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ असार ।

सरकारले प्रतिनिधिसभामा विचाराधीन रहेको नागरिकतासम्बन्धी विधेयक फिर्ता लिएको छ । मंगलबार बसेको मन्त्रिपरिषद बैठकले नागरिकता विधेयक फिर्ता लिने निर्णय गरेको हो ।

लामो समय संसदमा बिचाराधीन नागरिकता विधेयक फिर्ता लिनुको पछाडिको कारण हो- वैवाहिक अंगीकृत नागरिकता । तत्काल दिने कि ७ बर्ष पछि भन्ने विवादले विधेयक नै फिर्ता गराएको देखिन्छ ।

सरकारले २०७५ साउन २२ गते संसदमा ल्याएको नागरिकता विधेयकमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले दुई वर्ष लगाएर पारित गरेको थियो । ७ असार २०७७ मा राज्य व्यवस्था समितिले बहुमतले विधेयकको प्रतिवेदन पारित गरी प्रतिनिधिसभा बैठकमा पेश गरेको थियो । पारित प्रतिवेदनमा विधेयकमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई ७ वर्षपछि नागरिकता दिने उल्लेख छ । तर, नेपाली कांग्रेसले यसमा फरक मत राख्दै तत्कालै नागरिकता दिने प्रचलित व्यवस्थाको पक्षमा आफुलाई उभ्याएको थियो । अहिले पनि यही विषयमाथिको विवाद मिल्न नसकेपछि सरकारले विधयक नै फिर्ता लिएको हो ।

संविधानको धारा ३०४ मा संविधान जारी भएपछि हुने आम चुनावबाट बन्ने संसदको पहिलो बैठक बसेको एक वर्षभित्र संविधानसँग बाझिएका कानुन संशोधन गरिसक्नुपर्ने समयसीमा तोकिएको छ । ०७४ को संघीय चुनावपछि संघीय संसदको पहिलो बैठक २१ फागुन २०७४ मा बसेको थियो, जसअनुसार २०७५ फागुन २१ गतेसम्म नागरिकता विधेयक पारित भइसक्नुपर्ने थियो ।

तर, सरकारले संसदमा बिचारधीन नागरिकता विधेयक नै फिर्ता लिएको छ । नागरिकता सम्बन्धी संघीय कानुन नबन्दा जन्मका आधारमा नेपाली नागरिकता पाएका नागरिकको सन्तानले नागरिकता पाउन सकेका छैनन् ।

वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी प्रावधानमा दलहरु एकमत नहुँदा नागरिकता विधेयक संसदमा आएर पनि फिर्ता भएको छ । – बाँकी पृष्ठ २ मा


# घुमिफिरी प्रचण्ड !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ असार ।

नेकपा माओवादी केन्द्रमा रिक्त रहेका पदाधिकारी चुन्ने अन्तिम अधिकार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई नै पाएका छन् । प्रचण्ड निवास खुमलटारमा बसेको पूर्वस्थायी कमिटी सदस्यहरूको बैठकमा प्रचण्डले बैठकमा पोलिटब्युरो, स्थायी कमिटी र पदाधिकारीको टुंगो लगाउने जिम्मा पाएका हुन् ।

गत पुसमा भएको आठौं महाधिवेशनले पदाधिकारीको संख्या र चयन गर्ने जिम्मेवारी केन्द्रीय कमिटीलाई दिएपनि महिनौं भईसक्दान समेत पदाधिकारी चयन हुन सकेको थिएन । तर, आज बस्ने बैठकमा अध्यक्ष प्रचण्डले नै सम्पूर्ण कमिटी टुंगो लगाउने नेकपा माओवादी केन्द्रका नेता हरिबोल गजुरेलले जानकारी दिए ।

'स्थायी कमिटी र पोलिटब्युरोमा रहने व्यक्तिबारे सामान्य छलफल भयो तर पदाधिकारीबारे भएन,' उनले भने,'भोलिको बैठकमा अध्यक्षले पेश गर्नुहुन्छ। त्यसपछि थप छलफल हुन्छ।' यद्यपि, माओवादी केन्द्रमा कति पदाधिकारी हुने भन्ने निर्क्योल भने भईसकेको छैन । तर, अध्यक्ष प्रचण्डको प्रस्तावमा माओवादी केन्द्रले १ सय २५



सदस्यीय पोलिटब्युरो, ४१ सदस्यीय स्थायी कमिटी र पदाधिकारीको चयन गर्ने तयारी भएको छ ।

### आकांक्षी बढी

आठौं महाधिवेशन भएको महिनौं बितिसक्दा समेत पार्टीको पदाधिकारी टुंगो लगाउन नसक्नुको अर्को कारण महासचिवको विवाद पनि हो । महासचिवका लागि पार्टीका थुप्रै नेताहरु आंकाक्षी देखिएपछि अध्यक्ष प्रचण्डलाई पदाधिकारी टुंगो लगाउन मुस्किल परेको हो । अहिले पनि महासचिवको आंकाक्षीमा जनार्दन शर्मा, वर्षमान पुन, देव गुरुङ, पम्फा भुसाल, शक्तिबहादुर बस्नेत, हरिबोल गजुरेल, गिरिराजमणि पोखरेल र देवेन्द्र पौडेल लगायतका नेताहरु रहेका छन् ।

तर पनि प्रचण्डले पुन वा शर्मा मध्ये एकजनाबाट महासचिव चयन गर्ने तयारी गरिरहेको माओवादी केन्द्रका एक नेताले जानकारी दिए । 'उहाँको विश्वासको पात्र जनार्दन शर्मा र वर्षमान पुन हुनुहुन्छ, दुईमध्येबाट एक चुन्ने सम्भावना बढी छ,' उनले भने । यद्यपि, नेताद्वयले पनि जसलाई अध्यक्षन प्रचण्डले महासचिव बनाएपनि स्वीकार – बाँकी पृष्ठ २ मा


# नयाँ पार्टीको गृहकार्यमा बाबुराम

जसपामा विवाद चर्किएपछि डा.बाबुराम भट्टराईले नयाँ पार्टी निर्माणको गृहकार्य शुरु गरेका छन् । उनले तत्कालिन नयाँ शक्ति नेपाल पार्टी ब्युताउने प्रयास गरेको नेताहरु बताउँदछन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ असार ।

जनता समाजवादी पार्टी जसपाका संघीय परिषद अध्यक्ष बाबुराम भट्टराईले नयाँ पार्टी निर्माणको गृहकार्य शुरु गरेका छन् । उनले तत्कालिन नयाँ शक्ति नेपाल पार्टी ब्युताउने प्रयास गरेको नेताहरु बताउँदछन् ।

खासगरी पछिल्लो समय मन्त्रिपरिषद हेरफेर गर्दा अध्यक्ष उपेन्द्र यादवले एकलौटी गरेको डा.भट्टराई पक्षको गूनासो छ । यसभन्दा अगाडि पनि अध्यक्ष यादव एक्लै अगाडि बढ्न खोजेको भन्दै डा.भट्टराईले विद्रोहको तयारी गर्दै आएका थिए । तर, अब डा.भट्टराई नयाँ पार्टी निर्माणर्क गृहकार्यमा जुटेको उनी पक्षीय नेताहरुले नै स्वीकार गरेका छन् ।



नयाँ पार्टी निर्माणको गृहकार्यमा रहेका डा.भट्टराई र पार्टी अध्यक्ष यादवले छुट्टाछुट्टै बैठक बोलाएका छन् । असन्तुष्ट भट्टराईले आफु पक्षीय विस्तारित बैठक यही असार २९ र ३० गतेका लागि काठमाडौंमा बोलाइएका छन् । भट्टराई भन्दा पहिले नै अध्यक्ष उपेन्द्र यादवले भने २७ र २८ गतेका लागि वीरगञ्जमा केन्द्रीय समितिको बैठक बोलाएका थिए ।

त्यसको भोलिपल्ट भट्टराई पक्षले विस्तारित बैठक बोलाएपछि अध्यक्ष यादवले एकैदिन पार्ने गरी २८ र २८ गतेका लागि केन्द्रीय समिति बैठक सारेका छन् ।

एकै दिन दुई पक्षले बैठक बोलाएपछि त्यही बैठकमा को कता जान्छन ? भन्ने विषयले पार्टीको दिशा तय गर्ने नेताहरु बताउँछन् । भट्टराई पक्षयि नेता गंगा नारायण श्रेष्ठले त ३० गते नयाँ पार्टी बन्ने उद्घोष नै गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत यस्तो उद्घोष गरेका हुन् ।

नेताहरुका अनुसार पार्टीमा अध्यक्ष यादवको पेलान सहेर बस्ने कि नयाँ ढंगबाट अगाडि बढ्ने भन्ने दोधारमा नरहेर डा. भट्टराईले नयाँ जोखिम लिन तयार भएका हुन् । – बाँकी पृष्ठ २ मा

# 'ब्रेक फेल' हुँदा १३ जनाको मृत्यु

**दिवाकर अधिकारी/मध्यान्ह**
**काठमाडौं, २१ असार ।**

रामेछापको सुनापति ५ खनियापानीको लुभुघाटमा भएको बस दुर्घटनामा परी १३ जनाएको मृत्यु भएको छ । प्रहरीका अनुसार ९ जनाको घटनास्थलमै र ४ जनाको काभ्रेको धुलिखेल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछाप प्रहरी नायव उपरीक्षक राजकुमार थिङले सुनापति गाउँपालिका ४ बेथानका २६ वर्षीया समरिता तामाङ, सुनापति गाउँपालिका ५ का ६० वर्षीय ठुला तामाङ, खड्गबहादुर विक, २२ वर्षीया विपना तामाङ,३६ वर्षीया सञ्जु आलेमगर, ४५ वर्षीय रामबहादुर श्रेष्ठ, २४ वर्षीय वृद्ध तामाङ र ६० वर्षीय नेमा तामाङको निधन भएको छ ।

काभ्रेको रोशी गाउँपालिका ४ का २५ वर्षीय कमल तामाङ, पाँचखाल नगरपालिका ८ का १८ वर्षीय सुदीप गजमेर, मण्डनदेउपुरकी शुभलक्ष्मी मानन्धर र पाँचखाल नगरपालिकाका



कुलबहादुर विकको पनि मृत्यु भएको छ । प्रहरीका अनुसार एक जना मृतक महिलाको सनाखत भएको छैन । प्रहरीका अनुसार सुनापति ३ हिलेदेवीको स्वाँराबाट – बाँकी पृष्ठ २ मा

# आकर्षण र लालधनुषद्वारा वेष्टर्नसँग शून्य लागतको सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार

मलेसियामा स्थापित दुई ठूला आईटी कम्पनीले नेपालबाट शून्य लागतमा कामदार लैजाने सहमति भएको छ । मंगलबार राजधानी काठमाडौंमा आयोजित कार्यक्रममा मलेसियाको वेष्टर्न टेक्नोलोजी एसडीएन बीएचडी र नेपालबाट वैदेशिक रोजगारीमा मलेसिया कामदार पठाउँदै आएका आकर्षण इन्टरनेशनल प्रा.लि. र लालधनुष इन्टरनेशनल प्रा.लि.बीच द्विपक्षीय सम्झौता (एमओयू) भएको हो ।

सम्झौतापत्रमा वेष्टर्न टेक्नोलोजीका तर्फबाट डेपुटी जनरल म्यानेजर डेभिड र आकर्षण इन्टरनेशनलका तर्फबाट अध्यक्ष विष्णुबहादुर केसी तथा लालधनुष इन्टरनेशनलका तर्फबाट सञ्चालक दावा नवाङ शेर्पाले हस्ताक्षर गरे । सम्झौताअनुसार मलेसियाको उक्त आईटी कम्पनीले नेपालका आकर्षण इन्टरनेशनल तथा लाल धनुषबाट शून्य लागतमा कामदार लैजाने छ ।

सम्झौता अनुसार पहिलो चरणमा नेपालबाट शून्य लागतमा ४ सय ५० जना लैजानने छन् । त्यसमध्ये आकर्षण इन्टरनेशनलबाट एक सय ४० महिला र ६० पुरुष गरी दुई सय जना र लालधनुष इन्टरनेशनलबाट एक सय ७५ महिला र ७५ पुरुष गरी २ सय ५० जना जाने छन् । ती कामदार लैजान भर्ना प्रक्रिया चलिरहेको बताइएको छ । – बाँकी पृष्ठ २ मा





वैदेशिक रोजगार विशेष

## संख्या सयबारे थप राय नचाहिने : कानून मन्त्रालय

**काठमाडौं/मस–** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले अघिल्ला दुई आर्थिक वर्ष म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लिइएको आधारमा आगामी आर्थिक वर्षका लागि म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न समस्या नरहेको राय दिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ व्यवस्था अन्तर्गत आगामी आर्थिक वर्ष २०७९/०८० का लागि म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने निर्णय गरी कानून मन्त्रालयसमक्ष राय माग गरेको थियो ।

कानून मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै श्रम – बाँकी पृष्ठ २ मा

### मन्त्री कावरद्वारा भाषा परीक्षा केन्द्रको अनुगमन

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले ईपीएस प्राणालीमार्फत दक्षिण कोरिया जाने कामदारको लागि लिइने भाषा परीक्षा केन्द्रको अनुगमन गरेका छन् । मन्त्री कुँवरले मंगलबार दिउँसो ललितपुरको भैंसेपाटीमा रहेको परीक्षा केन्द्रको अनुगमन गरेका हुन् ।

रोजगारीका लागि नेपालबाट कोरिया जाने कामदारको वैदेशिक रोजगार विभाग अन्तर्गत पर्ने ईपीएस कोरिया – बाँकी पृष्ठ २ मा

Vacancy Announcement

One of the reputed recruitment agency is seeking for following applicants.

- Operation Manager : 1 M/F
- Documentation Officer : 1 M/F
- Admin Manager : 1 M/F

SALARY: NOGITABLE

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
Link International Placement Service Pvt.ltd.
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu | Tel.: 01-4956654, 4955978, 9849664971 | Email: info@linknepalmanpower.com,
Website: www.linknepalmanpower.com

# न्यूनतम मापदण्ड बिना एम्बुलेन्स सञ्चालन

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, २१ असार

गुल्मीको मुसिकोट नगरपालिका वडा नं ७ वामीका खडक बहादुर सापकोटा पहिलेदेखि दमका रोगी थिए । चैत १६ गते एक्कासी उनको स्वासप्रश्वासमा समस्या देखियो । स्थानीय लुम्बिनी वामी हस्पिटल प्रा.लि.मा उपचारका लागि लगियो । शरिरमा अक्सिजनको मात्रा एकदमै घटेपछि अक्सिजन दिनुपर्ने भयो ।

अक्सिजन कन्सन्ट्रेटर मेसिनको सहायताले अस्पतालमा उनलाई अक्सिजन दिइयो । तर, तत्कालै उक्त अस्पतालले पाल्पा पठायो । सापकोटालाई अक्सिजनकै सहायतमा पाल्पा लैजानुपर्ने थियो । त्यसकारण परिवार अक्सिजन सिलिण्डरसहितको एम्बुलेन्सको खोजीमा लागे ।

तर मुसिकोट नगरपालिकामा सञ्चालित विभिन्न स्थानका एम्बुलेन्सलाई सम्पर्क गर्दा कतै पनि अक्सिजन सिलिण्डरसहितको एम्बुलेन्स पाइएन् ।

'वामी हेल्थ पोष्टमा पनि सम्पर्क गयौँ, स्वास्थ्य शाखामा पनि बुझ्यौँ । तर, २ घण्टा लगाएर खोज्दा पनि एम्बुलेन्स पाइएन्,' छोरा गणेश सापकोटाले भने ।

अन्ततः तम्घासबाटै एम्बुलेन्स बोलाएर उनलाई पाल्पा लगियो । पाल्पाको लुम्बिनी मेडिकल कलेज प्रभासमा ४ दिनको उपचारपछि फर्किएका ७३ वर्षीय सापकोटाले धन्न तम्घासबाट एम्बुलेन्स आएकाले बाँचेको बताउँछन् ।

आपतकालिन अवस्थामा स्थानीय मेडिकलले बाहिर पठाएको (रिफर गरेको) बिरामीलाई ठूला अस्पतालमा पुऱ्याउन एउटा एम्बुलेन्स र अक्सिजन सिलिण्डर समेत नपाइनु दुःखद भएको स्थानीय लोकनाथ काफ्लेले बताए ।

सामान्य सेवा सुविधा पनि नहुँदा रेफर गनुपर्ने बिरामीको अकालमै ज्यान जान सक्ने भएकाले सरोकारवाला गम्भीर हुनुपर्ने उनको भनाइ छ ।



वडागाउँ स्वास्थ्य चौकीका एम्बुलेन्स चालक शकंर बगाले एम्बुलेन्समा हुनुपर्ने सामग्री नहुँदा कहिलेकाही गम्भीर बिरामीहरुलाई उपचारका लागि लैजानुपर्दा बाटोमा समस्या हुने गरेको बताउँछन् । प्राथमिक उपचार तालिम पनि नलिएका उनले बिरामीहरुलाई बाटोमा समस्या हुँदा सामान्य ज्ञान हुनका लागि तालिमको व्यवस्था गरिनुपर्ने बताए ।

## छैन् न्यूनतम मापदण्ड

सयुंक्त एम्बुलेन्स चालक संघ गुल्मीका अनुसार जिल्लामा ४३ वटा एम्बुलेन्स सञ्चालनमा छन् । विभिन्न संघसंस्था र सरकारी गरी १२ वटा पालिकामा सञ्चालित सबै एम्बुलेन्स 'ग' वर्गका एम्बुलेन्स हुन् । ती एम्बुलेन्समध्ये २० वटा सरकारी एम्बुलेन्स छन् । एम्बुलेन्स चालक संघमा दर्ता भएका कतिपय एम्बुलेन्स भने नियमित रुपमा सञ्चालनमा छैनन् ।

राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७३ अनुसार 'ग' वर्गको एम्बुलेन्समा प्राथमिक उपचारका औषधि साथै सामानहरू, अक्सिजन सिलिन्डर, आईभी इन्जेक्सन दिन सक्ने व्यवस्था, स्ट्रेचर, विरामी बस्न मिल्ने बेड, रक्तचाप चेक गर्ने मेसिन, टर्चलाइट, स्वास्थ्य सम्बन्धी साधारण तालिम लिएको चालक र आकस्मिक कक्षको जस्तै औषधिको पनि व्यवस्था हुनुपर्छ भनिएको छ । त्यस्तै ती एम्बुलेन्सहरु प्रत्येक २ वर्षमा स्तरोन्नती गर्नुपर्ने प्रावधान छ ।

तर जिल्लामा सञ्चालित अधिकांश एम्बुलेन्समा यी मापदण्ड पुरा भएका छैनन् भने न्यूनतम सेवा सुविधासमेत छैन् । एम्बुलेन्स लामो समयसम्म स्तरोन्नती भएका छैनन् ।

संघका सचिव युवराज बस्नेतले जिल्लामा सञ्चालित अधिकाशं एम्बुलेन्समा अक्सिजन सिलिण्डर समेत नभएको बताए । 'निर्देशिकामा भए बमोजिम कुनै पनि एम्बुलेन्समा सामग्रीहरु छैनन्,' उनले भने 'कतिपय एम्बुलेन्समा कुनै कुनै सामग्री छन् भने अक्सिजन सिलिण्डर पनि ज्यादै कम एम्बुलेन्समा छन् ।'

## आफुखुसी सञ्चालन गर्दा समस्या

बस्नेतले एम्बुलेन्स चालक संघमा दर्ता भएका सम्पूर्ण एम्बुलेन्सहरुलाई व्यवस्थित गराउन छलफल भइरहेको बताए । 'कतिपय ऐम्बुलेन्सहरु आफ्नो किसिमले सञ्चालन भइरहेका छन् बस्नेतले भने ' न्यूनतम मापदण्ड पालना गराई व्यवस्थित रुपमा सञ्चालन गर्न लागिरहेका छौँ ।' यस अगाडि एम्बुलेन्सहरुलाई एकताबद्ध गरेर लैजाने कोशिस गरेपनि आफुखुसी सञ्चालन गर्दा समस्या भएको उनको भनाइ छ ।

मुसिकोट नगरपालिका स्वास्थ्य सहसयोंजक पुष्कर गौतमले स्थानीय तहले भन्दा पनि निजी क्षेत्रबाट सञ्चालित एम्बुलेन्सहरुले मापदण्ड पूरा नगर्ने गरेको बताउँछन् । निजी क्षेत्र र विभिन्न सघंसंस्थाबाट उपभोक्ता समितिले एम्बुलेन्स सञ्चालन गर्ने र आफुखुसी सञ्चालन गर्दा यस्तो समस्या हुने उनको भनाइ छ । नयाँ एम्बुलेन्स दिँदा नै कम्तिमा एम्बुलेन्ससँगै स्वास्थ्य सामग्रीहरु पनि दिने व्यवस्था गरेमा यो स्वतः कार्यान्वयन हुने गौतमले बताए ।

## अव्यवहारिक निर्देशिका

धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखरेलले सरकारी निर्देशिका पहाडि र ग्रामीण क्षेत्रका लागि व्यवहारिक नभएको बताए । सरकारले सामर्थ्य, जनशक्ति तथा बजेटको व्यवस्था नगर्ने र केबल स्थानीय तहलाई सञ्चालन गर्न मात्रै भन्ने गरेकाले ग्रामीण क्षेत्रका एम्बुलेन्सहरु सञ्चालन गर्न नै समस्या रहेको उनको भनाइ छ ।

एम्बुलेन्स व्यवस्थित गर्ने कुरामा आफुहरु सकारात्मक रहेपनि पहाडि क्षेत्रका लागि छुट्टै निर्देशिका बनाउनुपर्ने पोखरेलको माग छ । उनले बिरामी नै नपाईने भएकाले एम्बुलेन्स सञ्चालन गर्न समस्या रहेको बताए ।

## फितलो अनुगमन

जिल्लामा सञ्चालित एम्बुलेन्स नियमन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति बनेको छ । तर एम्बुलेन्स सञ्चालनको नियमनका विषयमा भने खासै अनुगमन भएको पाईदैन् ।प्रमुख जिल्ला अधिकारी पुण्य विक्रम पौडेलले जिल्लामा सञ्चालित सबै एम्बुलेन्समा स्वास्थ्य सामग्री नभएकै कारण समस्या परेको भनेर उजुरी नआएपनि आफ्नो जिम्मेवारी रहेकाले आफुले राम्रोसँग बुझ्ने र अनुगमन गरिने बताए । पौडेलले निर्देशिकामा भए बमोजिम सामग्रीहरु एम्बुलेन्समा हुनुपर्ने बताए ।

# बढ्न थाल्यो कोरोना



**काठमाडौं/मस-** देशभर पछिल्लो २४ घण्टामा थप ९० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार ११२ को नमूना परीक्षण गरिएको थियो । एक हजार ९४४ ले पिसिआर र एक हजार १५८ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा २० जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ५५५ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा एक लाख ११ हजार ५३१ ले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या ४०१ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेसनमा ३९९, संस्थागत आइसोलेसनमा दुई, आइसियु दुई र भेन्टिलेटरमा एक जना संक्रमित रहेका छन् ।

हाल देशभरमा २०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला कुनै पनि छैनन् । शून्य सङ्क्रमित रहेका जिल्लामा सोलुखुम्बु, संखुवासभा, तेह्रथुम, ताप्लेजुङ, सप्तरी, मनाङ, मुस्ताङ, म्याग्दी, गोरखा, तनहुँ, नवलपरासी दाङ, अर्घाखाँची, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालीकोट, मुगु, बाजुरा, दार्चुला, बझाङ, डडेलधुरा र कञ्चनपुर रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा २१९ र ललितपुर ३४ र भक्तपुरमा १० सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । कूल संक्रमण दर १७ प्रतिशत छ ।

## नागरिकता...

विधेयकमा सुरुमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह भएलगत्तै नागरिकता प्राप्त गर्न सक्ने तर, ६ महिनाभित्र विदेशी नागरिकता वा कुनै राष्ट्रिय परिचयपत्र लिएको भए त्यसलाई त्यागेको निस्सा पेश गर्नुपर्ने प्रावधान राखिएको थियो ।

तर, यो विषय प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेपछि फरक ढंगले छलफल अगाडि बढ्यो । राज्य व्यवस्था समितिले ७ वर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था बहुमतले पारित गरेर विधेयकको प्रतिवेदन संसदमा पेश गऱ्यो ।

खासगरी तत्कालिन नेकपा अर्थात हालका एमाले र माओवादी केन्द्रका सांसदहरुले नेपालको भौगोलिक अवस्था र दुई ठूला छिमेकी देशलाई ख्याल गरेर ७ बर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता दिनुपर्ने पक्षमा वकालत गरेका थिए ।

छिमेकी भारतमा समेत विवाह गरेर निरन्तर बसोबास गरेको ७ बर्षपछि मात्रै नागरिकता पाउने व्यवस्था रहेकाले नेपालमा पनि सोही अनुरुपको व्यवस्था गर्नु उपयुक्त हुने एमाले/माओवादी सांसदहरुले तर्क गरेका थिए । यही प्रावधान राखेर राज्य व्यवस्था समितिले नागरिकता विधेयकको प्रतिवेदन समितिबाट पारित गर्दा कांग्रेस, जसपा, लोसपा र मधेश केन्द्रित नेताहरुले फरक मत राखेका थिए ।

अहिले कांग्रेस विगतमा आफैंले फरक मत राखेको वैवाहिक अंगीकृतको ७ बर्षे प्रावधान हटाएर नागरिकता विधेयक पास गर्न चाहन्थ्यो ।

वैवाहिक अंगीकृतको उल्झनमा माओवादी केन्द्रको समेत साथ पाउने आशमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसले विवादित विषय थाती नै राखेर अर्को विधेयक ल्याउनका लागि विधेयक फिर्ता लिएको बताएको छ ।

जेठ १४ गते संसदमा बोल्दै प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले नागरिकता विधेयक सबै दलको सहमतिमा अघि बढ्ने बताएका थिए । त्यसदिन उनले वैवाहिक अंगीकृत नागरिकताका लागि ७ बर्षे प्रावधान रहने/नरहने विषय राष्ट्रिय सहमतिमा भर पर्ने तर्क गरेका थिए ।

नेताहरुका अनुसार अब सहति भएका विषयलाई समेटेर विधेयक ल्याउने कि अध्यादेश ? भन्नेमा सरकार रहेको छ । सुविधा अनुसार सरकारले विधेयक ल्याएर फास्ट ट्र्याकमा पास गर्न पनि सक्छ वा अधिवेशन अन्त्य गरेर अधयादेश ल्याउन पनि सक्छ ।

अध्यादेश ल्याउँदा सर्वोच्च अदालतले विगतमा रोकेको नजिरका आधारमा सरकारको ध्यान फास्ट ट्र्याकमा नागरिकता विधेयक रहेको नेताहरुले बताएका छन् ।

## घुमिफिरी...

गर्ने बताएका छन् । 'हामी सबैले अध्यक्षले ल्याएको प्रस्तावमा असहमति नजनाउने भनेका छौं,' बैठकमा सहभागी एक नेताले भने,'अध्यक्षले केन्द्रीय कमिटी बैठकमा पेस गरेको प्रस्तावमा चित्त नबुझे पनि बैठकमा नभन्ने समेत हामीले प्रतिबद्धता जनाएका छौं । भन्नै परेमा व्यक्तिगत रूपमै भन्छौं भनेका छौं ।' पुन र शर्माले मात्र नभई बैठकमा सहभागी सबै नेताले प्रचण्डले ल्याएको प्रस्तावमा असहमति नजनाउने प्रतिबद्धता जनाएको बैठकमा सहभागी नेताले जानकारी दिए । नेताहरुको सहमति जुटे लगत्तै अध्यक्ष प्रचण्डले पदाधिकारी छिट्टै टुंगो लगाउने देखिएको छ ।

## नयाँ...

नेताहरुका अनुसार डा. भट्टराईले तत्कालिन नयाँ शक्ति नेपाल पार्टी ब्युताउने प्रयास गरेका छन् । उनले नै नयाँ शक्ति नेपाल पार्टी माओवादबिाट फुटेर गएर निर्माण गरेका थिए ।

संविधान जारी भएपछि २०७२ सालमा माओवादी छाडेका डा. भट्टराईले करिब एक वर्ष पछि २०७३ साल जेठ ३० गते 'नयाँ शक्ति' पार्टीको को घोषणा गरे । तर, नयाँ शक्ति पार्टीले २०७४ सालको चुनावमा अपेक्षित परिणाम ल्याउन सकेन ।

सोचे जस्तो पार्टी र चुनावी नतिजा नआएपछि डा. भट्टराईले २०७६ साल वैशाख २३ गते संघीय समाजवादी फोरमसँग एकता गरेर समाजवादी पार्टी बनाए । पार्टीको केन्द्रीय अध्यक्षमा उपेन्द्र यादवलाई राखेर आफू दोस्रो तहको नेतृत्व संघीय परिषद अध्यक्ष बस्न तयार भए । समाजवादी पार्टी बनाएको एक वर्षमै २०७७ वैशाख १० गते सबै मधेस केन्द्रित दल एक ठाउँमा हुने गरी जनता समाजवादी पार्टी( जसपा) निर्माण भयो । तर त्यो एकता पनि लामो समय टिक्न सकेन । यो दलबाट पूर्व राजपा छुट्टिएर लोकतान्त्रिक समाजवादी फोरम बनाइसकेको छ । जसपामा बाबुराम नै संघीय परिषद् अध्यक्षकै हैसियतमा छन् ।

तर, केन्द्रीय अध्यक्ष उपेन्द्र यादव एकलौटी रुपमा अगाडि बढेको भन्दै उनी पनि बाहिरिन खोज्दैन् । डा. भट्टराई । राष्ट्रिय सभाको चुनाव र स्थानीय तहको चुनावमा यादवले एकलौटी रुपमा उम्मेदवारहरु तय गरेको भन्दै असन्तुष्ट थिए । नेताहरुका अनुसार पछिल्लो समयमा मन्त्री हेरफेर पछि असन्तुष्टि पार्टी फुटसम्म पुग्ने वातावरण बनेको हो ।

२०५२ सालबाट जनयुद्ध शुरु गर्दै सशस्त्र युद्धमा होमिएका डा.बाबुराभ भट्टराई शान्ति प्रक्रियापछि आफैं प्रधानमन्त्री भए । उनैले नेतृत्व गरेको सरकारले संविधान घोषणा गर्न नसकेको अपजस लिनुपऱ्यो । दोस्रो संविधान सभाबाट २०७२ साल फागुन ३ गते संविधान जारी हुँदा सम्म नेकपा माओवादीमा रहे । अहिले फेरि माओवादी केन्द्रमै फर्किने चर्चा पनि चलेको छ । संविधान जारी भएपछि माओवादी नेतृत्व प्रचण्डबाट पार नलाग्ने भन्दै माओवादी पार्टीसँगै कम्युनिस्ट विचार नै त्यागेको घोषणा गरेका डा. भट्टराईले आफु राजनीतिक रुपमा संकटमा पर्न सक्ने आंकलन गरेर प्रचण्डसँग पनि भेटेका छन् । भेटमा डा.भट्टराईले कम्युनिस्ट समेत मिलेर समाजवादी पार्टी बनाउन सकिने प्रस्ताव राखेको नेताहरु बताउँछन् । डा.भट्टराईको यस्तो प्रस्तावका विषयमा प्रचण्डले पुर्ण समर्थन नजनाएपछि डा.भट्टराई पार्टी नै बनाउने गृहकार्यमा जुटेको पनि कतिपय नेताहरुको भनाई रहेको छ ।

## ब्रेक...

काठमाडौंका लागि छुटेको पूर्व अरनिको यातायात समितिको बा ३ ख ८३९६ नम्बरको बस लुभुबजारबाट केही उत्तर पर्ने घुम्तीबाट खसेर दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका २५ जनालाई उपचारका लागि एम्बुलेन्स र हेलिकोप्टरबाट काठमाडौं ल्याइएको छ । घाइतेहरुको उपचार जारी छ ।

करिब ४० जना यात्रु लिएर ओरालो झर्दै गरेको बस 'ब्रेक फेल' भएर दुर्घटना भएको प्रारम्भिक जानकारीमा आएको प्रहरीले जनाएको छ । दुर्घटनामा सामान्य घाइते भएका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तीव्र गतिमा रहेको बस ओरालोमा ब्रेक फेल भएकाले जोगाउन नसकेको हुन सक्ने प्रहरीको आँकलन छ ।

## आकर्षण...

स्वस्थ एवम् न्यायपूर्ण भर्नाको प्रक्रियाका लागि उक्त कम्पनीको टोली काठमाडौंमा रहेको छ ।

भर्ना प्रक्रियामा छनोट भई रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको राहदानी शुल्क, स्वास्थ्य परीक्षण तथा काठमाडौं आउने-जाने सम्पूर्ण खर्च सो कम्पनीले व्यहोर्ने कम्पनीले बताएको छ । उक्त बहुराष्ट्रिय कम्पनीमा नेपालीसहित विभिन्न देशका ८० हजार कामदार कार्यरत छन् । कम्पनीका डेपुटी जनरल म्यानेजर डेभिडले कामदारको बासस्थान अन्तर्राष्ट्रिय मापदण्डअनुरूप व्यवस्था गरिएको बताए ।

मलेसियामा गत मे महिनादेखि स्वदेशी तथा आप्रवासी कामदारको न्यूनतम तलब एक हजार ५ सय मलेसियन रिँगेट तोकिएको छ । कम्पनीले सबै कामदारको न्यूनतम तलब १ हजार ५ सय रिँगेट लागू गरिसकेको जानकारी दिँदै डेभिडले त्यसका अतिरिक्त भत्ता, बोनस र वार्षिक बिदाको पनि सुनिश्चित गरिएको बताए । कार्यक्रममा आकर्षण इन्टरनेशनलका अध्यक्ष केसीले श्रमिकको न्यायोचित भर्नाको औपचारिक शुरुवात गर्न पाउँदा खुशी लागेको बताउँदै आफ्नो कम्पनीले सन् २०१५ देखि शून्य लागतमा श्रमिक पठाउँदै आएको जानकारी दिए । अन्तर ाष्ट्रिय श्रम संगठनको मापदण्ड र गाइडलाइन्स अनुसार कामदारको सुरक्षा र स्वास्थ्यका बारेमा अत्यन्तै गम्भीर रहेको बताउँदै अध्यक्ष केसीले सम्झौताको अक्षरस पालन गरिने प्रतिवद्धता जनाए ।

हस्ताक्षर कार्यक्रममा बोल्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकालले दुबै म्यानपावर कम्पनीप्रति आभार प्रकट गरे । उनले सबै म्यानपावरले शून्य लागतमै कामदार पठाउनुपर्छ भन्ने पक्षमा संघ पनि रहेको भन्दै सरकारलाई व्यवसायीका समस्या समाधान गर्न आग्रह गरे ।

कार्यक्रममा आकर्षण इन्टरनेशनलकी व्यवस्थापन प्रतिनिधि करुणा थापा र लालधनुषकी म्यानेजर विमला ठकुरीले आ-आफ्नो कम्पनीबारे प्रकाश पारेका थिए । यस्तै संघका कानूनी सल्लाहकार समेत रहेका अधिवक्ता शम्भु निरौलाले यस्तो सम्झौता हुनु आम कामदारका लागि खुसीको कुरा भएको बताए ।

हस्ताक्षर समारोहपछि आयोजित पत्रकार सम्मेलनमा आकर्षणका अध्यक्ष केसी र लालधनुषका प्रबन्ध निर्देशक शेर्पाले पत्रकारहरुको जिज्ञासाहरुको उत्तर दिएका थिए । कार्यक्रमको सञ्चालन उद्घोषिका सुष्मा लामाले गरेकी थिइन् ।

## संख्या...

मन्त्रालयलाई राय पठाएको हो । कानून मन्त्रालयको रायमा भनिएको छ, 'प्रस्तुत विषयमा यस मन्त्रालयबाट मिति २०७७/३/२३ र २०७८/०३/२ को निर्णयानुसार वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ बमोजिमको अधिकार प्रयोग गरी बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने जस्तो नीतिगत विषयमा यस मन्त्रालयबाट राय प्रदान गरिरहन नपर्ने भनी राय प्रदान गरिसकेको अवस्थामा सोही विषयमा राय प्रदान गर्न उपयुक्त नदेखिने ।'गत वर्ष मन्त्रिपरिषद्ले गरेको म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने निर्णयमा आर्थिक वर्ष २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ मा वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा नपठाएका कम्पनी आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गराउन आएमा नवीकरण गरिदिने भन्ने निर्णय मन्त्रीपरिषद्ले गरेको थियो ।

त्यसभन्दा अघिल्लो वर्ष लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका इजाजत पत्र प्राप्त संस्थाको इजाजत पत्र आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउँदा नवीकरण गरिदिई नवीकरण भएका इजाजत पत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि संवत् २०७८ सालको असार मसान्तसम्म कम्तीमा दुई सय जना कामदार पठाएको हुनुपर्ने सर्त राखी बाधा अड्काउ फुकाउने निर्णय गरेको थियो ।

वार्षिक सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीहरूले तत्काल निकास दिन वैदेशिक रोजगार व्यवसायी संघ, निवर्तमान श्रममन्त्री कृष्ण कुमार श्रेष्ठ तथा नवनियुक्त श्रममन्त्री शेरबहादुर कुँवरमाथि दबाब दिँदै आएका छन् ।

मन्त्री कुँवरले नवीकरणको निर्णय गरेर रायका लागि कानून मन्त्रालय जानुपर्ने फाइल जान ढिलाइ भएपछि संघका संयोजक बिमल ढकाल नै फाइल बोकेर ओहोर दोहोर गर्नुपरेको श्रम मन्त्रालय श्रोतले बतायो । श्रोतका अनुसार आइतबार फाइल बोकेर कानून मन्त्रालय गएका संयोजक ढकाल मंगलबार पनि कानूनबाट रायसहितको फाइल लिएर श्रम मन्त्रालय पुगेका थिए । मन्त्रालय श्रोतका अनुसार मन्त्रिपरिषद्को आगामी बैठकमा बाधा अड्काउ फुकाउने श्रम मन्त्रालयको प्रस्ताव पेश हुने सम्भावना छ । मन्त्री कुँवर पनि समस्याको छिटो समाधान दिने पक्षमा रहेकोले ढिलाइ नहुने आंकलन गरिएको छ ।

## मन्त्री...

शाखाले प्रत्येक वर्ष परीक्षा लिने गर्दछ । यस वर्ष पनि जेठ १९ देखि असार ३ गतेसम्म पहिलो चरण र असार १३ गतेदेखि दोस्रो चरणमा परीक्षा भइरहेको छ । एक पटक २ सय जनाले परीक्षा दिइरहेका छन् । मन्त्री कुँवरले परीक्षाको प्रकृति, तरिका र विद्यार्थीले पालना गर्नुपर्ने नियमका बारेमा बुझेको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

हाल रोजगारीका लागि कोरिया जाने विद्यार्थीले युविटीमार्फत परीक्षा दिइरहेका छन् । जस अनुसार परीक्षाको एक दिनअघि विद्यार्थीको बाडोमेट्रिक विवरणको डाटाबेस गरिन्छ । कृषि र पशुपालनतर्फको परीक्षका लागि यो वर्ष ४४ हजार जना सहभागी भएको ईपीएस कोरिया शाखाका निर्देशक पुष्प कटुवालले जानकारी दिए ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७९/०३/१४ गते राती जोरपाटी–५, कृषि विकास बैंकको पार्किङ स्थलबाट बागमती प्रदेश ३–०२–०३७ प २४७० नम्बरको **NTORQ 125 DISC** रातो रङ्गको स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : सुनिल कुमार थापा
च्यासिस नं : MD626AG72N2AA7681
इन्जीन नं : BG7AN2XA5304
सम्पर्क नं : ९८२८८०८८५६, ९८५११५२९११

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०३/२२**

**हेल्दी हार्भेष्ट फुड इण्डष्ट्रि प्रा.लि.**को मिति २०७९/०३/०७ गते सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोल्डेन फुड इण्डष्ट्री प्रा.लि. (प्रा.लि. नं.: २४३४६३)** कायम गर्ने गरी मिति २०७९/०३/१२ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगारको अवसर** | कम्पनी : **OMAR HAMAD BIN ALI AL OLAYAN PERFUMES**
शहर: Buraydah

पुर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२५५९ L.T. No.: 266624

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **Fahd Saleh Abdul Rahman Al Daraa Foundation for Meals** शहर: Buraydah

पुर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२५५८ L.T. No.: 266623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-समित म्यानपावर प्रा. लि.**
श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www.alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

**मलेसियामा रोजगारको अवसर** | १. कम्पनी : **GEMINI FORCE SDN BHD**
शहर: JALAN PUTRA

पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.:६०१७८३८६ LT. No.:261528 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ३४,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **EAZA FORCE SDN.BHD.** शहर: JALAN

पूर्व स्वीकृत मिति: २०७८/१२/२१ चलानी नं.:६०१७७२८७ LT. No.: 260784 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 33 | 0 | स. काममा दक्ष | 1200 | ३४,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Intermanagement Manpower Services Pvt. Ltd.**
Govt. Lic. No. 438/060/061
Gongabu-4, Kathmandu, Nepal, Tel: +977-1-4364208, Fax: +977-1-4353465
E-mail: widehorizon@wlink.com.np | Website: www.widehorizon.com.np

# प्रदेश प्रहरीको अधिकार कटौती गरिएको छैन : गृहमन्त्री खाँण

**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाँणले प्रदेश प्रहरीको अधिकार कटौती नगरेको बताएका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा भएको नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा सहभागी हुँदै गृहमन्त्री खाणले प्रदेश प्रहरीको अधिकार कटौती नगरेको बताएका हुन् ।



बैठकमा गृहमन्त्री खाँणले भने, 'राजधानीको सुरक्षा गर्ने नेपाल प्रहरीको अधिकारभन्दा पनि जिम्मेवारी हो । जनताको पनि सुरक्षा गर्ने प्रहरीको जिम्मेवारी हो । अन्तर्राष्ट्रिय परिदृश्य बदलिइरहेका छन्, त्यसकारण सुरक्षा संवेदनशीलता बढिरहेको छ। सुरक्षासँग सम्बन्धी कतिपय नीति निर्णयको गोपनीयता पनि राख्नुपर्ने हुन्छ । काठमाडौं उपत्यकाको सुरक्षा संवेदनशीलतालाई गम्भीरतापूर्वक हेर्नपर्छ । काठमाडौं एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान नै किडन्याप भएर गयो ।'

# लमजुङको पहिरोले मनाङ यात्रा सकस

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २१ असार

हिमाली जिल्ला मनाङको यात्रा सकस बनेको छ। अविरल वर्षापछि बेसीँसहर-चामे सडकखण्डमा लमजुङतर्फको भागमा पहिरो खस्दा यात्रा सकस बनेको छ । अधिकांश स्थानमा वर्षा लागेपछि सडक ठाउँ-ठाउँमा पहिराका कारण अवरुद्ध हुँदै आउने गर्दछ । सडक सञ्जालले जोडिएको १० वर्षसम्म पनि यस सडकको सहज यात्रा गर्न सक्ने अवस्था छैन ।

ठेकेदार कम्पनीले सडकलाई व्यवस्थित बनाउन नसक्दा मनाङ आवतजावत मात्र नभई विकास निर्माणमा समेत असर परेको छ । सोही मार्गमार्फत जिल्लामा खाद्यान्न, पूर्वाधार विकासका सामग्री ढुवानी हुने गर्दछ। समय-समयमा पहिरा खस्दा आवतजावत नै बन्द हुने गरेको छ ।

केही समययतादेखि वर्षाका कारण लमजुङको बेसिशहर नगरपालिकास्थित खरखरे, मर्स्याङ्दी गाउँपालिकास्थित अर्खले, च्याम्चे, स्याङगे, सिरचौरलगायतका ठाउँमा पहिराका कारण सवारी आवगमनमा समस्या भएको छ । मनाङवासीले यही मार्ग हुँदै खाद्यान्नलगायत



विकास निर्माणका लागि पूर्वाधारका सामग्री ओसरपसार गर्नपर्ने हुन्छ । समयमा सामग्री पुऱ्याउन नसक्दा विकास निर्माणका काममा ढिलाइ हुने ठेकेदार कम्पनी क्याराभान कन्सल्टेन्सीका सबइञ्जीनियर नारायण लामाले बताउनुभयो । प्राकृतिक विपद्ले मनाङको विकास र पुनःनिर्माणको काम पाए पनि बाढिपहिरो र हिमपातले गर्दा समयमा पूरा गर्न नसकिएको उनी बताउँछन्।

वर्षामा बाढी-पहिरो, हिउँदमा हिमपातले गर्दा जिल्लाको विकास निर्माण तथा खाद्यान्न ढुवानीमा समस्या भएको छ। कहिले हिमपात त कहिले बाढीपहिराको बाहनाले निर्माणमा ढिलाइ गर्ने गरेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताए ।

उनले भने, 'प्राकृतिक भू-बनोट पनि विकट छ। ठेकेदार कम्पनीलाई बाहना बनाउने आधार बनेको छ । यो बाहनालाई समाधान गर्न लागिरेहका छौं । सडक निर्माणको कामलाई दबाब दिँदै समयमा काम नगर्ने ठेकेदार कम्पनीलाई कारबाहीको दायरामा ल्याउने प्रयासमा छौं ।'

लमजुङ सदरमुकामबाट मनाङको सिमानासम्म कूल ३५ किलोमिटर लमजुङतर्फ यस सडकमा मात्रै करिब ३५ ठाउँमा पहिरो खसेको अवस्था छ । बर्सेनि यो समस्याले मनाङवासीका साथै पैदलयात्री पर्यटकलाई आवतजावतमा कठिनाइ भएको स्थानीय बताउँछन् । सहज तवरबाट यात्रा गर्न कहिले पनि नपाउने हो कि भन्ने मनाङवासीको चिन्ताको विषय बनेको छ ।

हुन त मनाङ र लमजुङ जोड्ने एकमात्र बेँसीसहर-चामे सडकको स्तरोन्नति एवं कालोपत्र गर्ने केही स्थानमा भएको छ । तर पनि सहज भने हालसम्म पनि बनाउन सकिएको छैन । क्याराभानले विसं २०७२ देखि पाएको ठेक्का हालसम्म पनि पूरा गर्न सकेको छैन ।

बेसिशहर-चामे सडकअन्तर्गत बेसिशहरबाट खुदीसम्मको सात दशमलव आठ किलोमिटर सडक कालोपत्र गर्नका लागि पहिलो चरणको कार्य हालसम्म सम्पन्न भएको डुम्रे-बेसिशहर-चामे सडक योजना कार्यालयले जनाएको छ ।

# मुख्यमन्त्री शाही र स्वीस राजदूतबीच भेट

**कर्णाली/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही र नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत एलिजाबेथ भोन क्याप्लरबीच शिष्टाचार भेटवार्ता भएको छ । मुख्यमन्त्री शाही र राजदूत क्याप्लबीच मंगलबार भेटवार्ता भएको हो । भेटमा सङ्घीयता, कर्णालीमा मानसिक स्वास्थ्यको अवस्था र सडक गुरुयोजना तयारीलगायतका विषयमा छलफल भएको थियो । खासगरी स्वीट्जरल्याण्ड सरकारले कर्णालीमा सञ्चालन गरेका परियोजना हेर्न आउनुभएका राजदूत क्याप्लरले द्वन्द्वपीडितका बारेमा कर्णाली प्रदेश सरकारले गरिरहेका कामको बारेमा जानकारी लिए ।

'स्वीट्जरल्याण्ड सरकारको सहयोगमा सीएमसी नेपालले यहाँका तीन जिल्लाका छ वटा पालिकामा मानसिक स्वास्थ्य परामर्श कार्यक्रम सञ्चालन गरेको छ', राजदूत क्यापलरले भने, 'द्वन्द्वपीडितको स्वास्थ्यमा परिरहेको असर न्यूनीकरणमा प्रदेश सरकार अझै गम्भीर बन्नुपर्छ।' मुख्यमन्त्री शाहीले प्रदेश सरकारले द्वन्द्वपीडितका लागि राहत, उपचार र मानसिक स्वास्थ्यका क्षेत्रमा महत्वपूर्ण काम गरेको बताए। उनले राहत, जीवन निर्वाह भत्ता, औषधि उपचार, मानसिक स्वास्थ्य उपचार र परामर्शमा काम गरिरहेको जनाए ।

# प्रदेश नं १ : मन्त्रिपरिषद्को निर्णय




**विराटनगर/मस-** प्रदेश नं १ को सरकारले यातायात व्यवस्था निर्देशनालयको सङ्गठन संरचना र अस्पताल भवन निर्माण पूर्वअनुमतिसम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरेको छ । प्रदेश नं १ मन्त्रिपरिषद्को मंगलबारको बैठकले सो निर्णय गरेको हो ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले प्रदेशसभा सचिवालयको सवारी साधनबाट दुर्घटनामा परेका मृतक एवं घाइतेको उपचार खर्च प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै बैठकले मोरङको कटहरी फलफूल तथा तरकारी थोक बजार सङ्कलन (दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गरी लेखा अधिकृतस्तर कर्मचारी रहने व्यवस्था गरेको छ।

कृषि मन्त्रालयको उक्त प्रस्तावसँगै सोही मन्त्रालयबाट प्रस्तुत भएको शिलबन्दी प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन गर्ने सम्बन्धमा र पुरक संक्षिप्त सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी विवरण स्वीकृति सम्बन्धमा पनि बैठकले निर्णय गरेको मुख्यमन्त्री राजेन्द्रकुमार राईको प्रेस संयोजक बन्धु पोखरेलले जानकारी दिए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/१४ मा दर्ता भएको **प्रा.लि. नं. २३३२८०** को **किमसन इन्भेट्स एण्ड मिडिया प्रा.लि.** को मिति २०७९/०२/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१२/०३ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. २३६४७८/०७६/०७७ को **उन्नतशील कृषि तथा पशुपंशी पालन केन्द्र प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Indrawati Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for Sealed Quotation (E- Bid)**

**Date of publication: 2079/03/22 (06/07/2022)**

Indrawati Rural Municipality invites electronic bids from eligible suppliers for the supplying of mentioned below under Sealed Quotation procedures. Eligible Suppliers may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website www.indrawatimun.gov.np.

| S.N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | Procurement of Tools and Equipment for Disaster management | IRMSI/G/SQ/078-079-02 | 21/07/2022 12:00 hrs. | 21/07/2022 13:00 hrs. | 37,500.00 (Valid till 30 days beyond bid validity period 45 days) | 1000.00 |

**Chief Adminstrative Officer**

**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**विराटनगर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०३/२२ गते**

उपरोक्त विषयमा यस आयोजनाको तर्फबाट मिति २०७९/०२/११ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याँकन हुँदा, तपसीलका बोलपत्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाता को नाम र ठेगाना | कवोल गरेको रकम (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | 27/078-79/CRWSP/SUNKOSHI/PKG-1/FWSSMP_ BRT | Entire Construction work of Sunkoshi Water Supply Project, Package-1, Limchungbung (Udayapur) | Mrit Sanjiwoni – H.M. Construction JV Bagdol, Lalitpur | 56,30,09,314.34 |
| 2 | 28/078-79/CRWSP/SUNKOSHI/PKG-2/FWSSMP_ BRT | Entire Construction work of Sunkoshi Water Supply Project, Package-2, Tapli (Udayapur) | Mrit Sanjiwoni – H.M. Construction JV Bagdol, Lalitpur | 59,99,91,271.01 |

**आयोजना प्रमुख**

**Invitation for Bids**

**Madhyabindu Municipality**
**Office of Municipal Executive**
**Chormara, Nawalparasi**

**Invitation for Bids No: 21/MBMW/Works/2078/79**

**Date of publication: 2079/03/22(2022-07-06)**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of 15 Bed Hospital Building in Madhyabindu Municipality,Madhyabindu -07,Chormara and intends to apply part of the funds to cover eligible payments under the Contract for 21/MBMW/works/2078/79. Bidding is open to all eligible as per Section V of bidding document. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Madhyabindu Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp .
2. Madhyabindu Municipality,Nawalparasi East invites electronic bids from eligible bidders for the Construction of 15 Bed Hospital Building including Civil,Electrical,Sanitary,HVAC,and Compund Wall etc. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: *NRs. 133000000.00*
   - Minimum Work experience of similar size and nature: *Single Building Project Cost of NRs. 178500000.00*
3. Hard Copy of bid should no entertained, So bidder who chooses to submit their bid electronically should download the bidding documents for e-submission from PPMO's web site www.bolpatra.gov.np.egp . Bidder submitting their bid electronically should deposit the cost of Non Refundable Fee of Nrs 10000.00 of bidding document in the project's Rajeswa(revenue) account as specified below and scanned copy (pdf formet) of the Bank deposit voucher shall be uploaded by the bidder at time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank.
   Name of Bank: Rastriya Banijya Bank Ltd.
   Name of Office : Madhyabindu Municipality
   Office account no : 3200100301010004
4. Pre-bid meeting shall be held in Madhyabindu Municipality,office of municipal executive at 2079-04-11, 2:00 pm
5. Dedline of bid Submission for above bisd are 2079-04-20 till 12:00 Noon.
6. Bid must be valid for a period of 120 days after bid opening and must accompanied by a scanned copy of the bid security in pdf formet, of Nrs.6200000 which shall be valid for 30 days beyond the bid validity period. If the bidder wishes to submit the bid security in the form of cash should be deposited in following Dharauti Khata.
   Name of Bank: Rastriya Banijya Bank Ltd.
   Name of Office : Madhyabindu Municipality
7. Office account no : 3200100303000004
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attain at 2079-04-20 at 2:00 pm at the office of Madhyabindu Municipality.
9. If the last date of submission falls on a government holiday,then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders' are advised to visit site and assess the actual site conditions before submitting their bid.
11. Madhyabindu Municipality reserves the right to accept or reject,whooly or partly any or all the bids without assigning any reason, whatsoever.
12. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ असार २०७९, बुधबार
6 July 2022, Wednesday

## सम्पादकीय

# सत्ता स्वार्थले बद्नाम

अर्थमन्त्री जनार्दन शर्माको राजीनामा माग्दै प्रमुख विपक्षी दल नेकपा एमालेले सडकदेखि सत्तासम्म संघर्ष चर्काएको छ । अध्यक्ष केपी शर्मा ओलीले सोमबार प्रतिनिधिसभा बैठकमा डेढ घण्टा लामो सम्बोधन गर्दै अर्थमन्त्री शर्मालाई नहटाएर प्रधानमन्त्री शेरबहादुर देउवाले यति गरेको टिप्पणी गरे । कर दर निर्धारण गर्न अवैधानिक व्यक्ति संलग्न रहेको पुष्टि हुनेगरी घटना सार्वजनिक हुँदा पनि प्रधानमन्त्री देउवाले कुनै कारवाही प्रक्रिया अगाडि नबढाएकोमा एमालेको आपत्ति छ । आफू निकट जनसंगठनहरूलाई पनि एमालेले सडकमा परिचालित गरेको छ । विद्यार्थी र युवा संगठनले मंगलवार अर्थमन्त्री शर्माको राजीनामा वा बर्खास्तीको माग सहित प्रदर्शन गरेको छ । यसअघि पनि उनीहरूले सडक प्रदर्शन गर्दै आएका थिए ।

तर प्रधानमन्त्री देउवा भने अर्थमन्त्रीबारे कुनै निर्णय लिन सकिरहेका छैनन् । सत्ता गठबन्धनका शीर्ष नेताहरूको बैठक राखेपनि प्रधानमन्त्री देउवाले कुनै निर्णय लिन सकेनन् । बरू सत्ता गठबन्धन दलको निर्णय भन्दै गैरसांसदलाई समेत मन्त्री नियुक्त गरिरहेका छन् । गैरसांसद गजेन्द्र हमाललाई उद्योग मन्त्रालयको जिम्मेवारी दिएपछि आलोचित भएका प्रधानमन्त्री देउवाले फेरि अधिवक्ता गोविन्द बन्दीलाई कानून मन्त्री नियुक्त गरेका छन् । बन्दीपछि नेकपा एकीकृत समाजवादीको निर्णय अनुसार, गैरसांसद शेरबहादुर कुँवरलाई श्रममन्त्री नियुक्त गरेका छन् । जबकी सामान्यतः गैरसांसदलाई मन्त्री हुन संविधानले नै रोकेको छ । मन्त्री बनेको ६ महिनाभित्र सांसद पदको शपथ लिएको हुनुपर्ने प्रावधान सांसदहरू मात्रै मन्त्री बन्न सक्छन् भन्ने नै हो । तर केपी शर्मा ओलीले थालेको गैरसांसद मन्त्री बनाउने क्रम शेरबहादुर देउवाले पनि रोकेनन् ।

गठबन्धनका दलको निर्णय र सहमति बिना राज्य मन्त्री समेत नियुक्त गर्न नसक्ने अवस्थामा प्रधानमन्त्री देउवा देखिन्छन् । यदि त्यस्तो नहुँदो हो भने कार्यकारी प्रधानमन्त्रीले आफ्नो मन्त्रिपरिषद्का सदस्यहरूबारे निर्णय लिन अलमल गर्नपर्ने कारण देखिन्न । अझ सार्वजनिक रूपमै आलोचित अर्थमन्त्री शर्माबारे कुनै अनिर्णयमा बस्नुको कारण प्रष्ट छैन । किनकि बजेट निर्माणमा अवैध व्यक्तिको संलग्नता गैरसंवैधानिक र अनैतिक हो । त्यस्तो गम्भीर आरोप लागिसकेको र प्रष्ट जवाफ दिन नसकेका अर्थमन्त्रीबारे निर्णय लिन नसक्ने कुरै हुन्न । तर गठबन्धनका दलहरूको बन्धक बनेका प्रधानमन्त्री देउवाले आफ्नो सत्ता टिकाउन गैरसंवैधानिक र अनैतिक गतिविधिमा समेत आँखा चिम्लेर बसेका छन् । यसले मुलुकको कार्यकारी निकाय, दलीय व्यवस्था र वर्तमान व्यवस्थामाथि समेत बितृष्णा बढाउने पक्का छ । त्यसैले नागरिक तहले उठाएको प्रश्न निरूपण गर्न प्रधानमन्त्री डराउन हुन्न ।

# बहसमा बृहत वाम एकता

*कम्युनिष्टहरुको लक्ष्य समाजवाद हुँदै साम्यवादमा पुग्नु हो । त्यसैले तत्कालको लागि न्यूनतम समाजवादी व्यवस्था ल्याउनेगरी अगाडि बढ्नु अति आवश्यक छ । सही अर्थको समाजवादलाई न्यूनतम आधार मानेर बृहत वाममोर्चाको निर्माण अहिलेको आवश्यकता हो ।*

अग्रलेख



● डा. केशव देवकोटा

नेपाली राजनीतिमा बेला-बेला वाम एकताका बहसहरु हुने गरेका छन् । कतिपय सन्दर्भमा प्रयासहरु मूर्तरूप दिने गरि भएका छन् त कतिपय सन्दर्भमा प्रयासहरु व्यर्थ पनि भएका छन् । नेपालमा बृहत् वाम एकताले सार्थकता पाउन नसक्नुका अनेक कारणहरु रहेका छन् तर, जसबारे आवश्यक बहस हुन सकेको छैन । हालै आएर मुख्यरूपले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'पूर्वमाओवादीहरुको एकता'को कुरा उठाउनु भएको छ भने पूर्वएमालेका नेता वामदेव गौतमले 'वाम एकता'को कुरा उठाउनु भएको छ । तर, दुबै नेताहरुले एकताका आधारहरुका बारेमा स्पष्ट खाका भने ल्याएका छैनन् । बिना आधार र बिना प्रयास कुनै पनि कुराहरु अगाडि बढ्न सक्दैनन्, त्यसैले यसलाई सार्वजनिक र बृहत छलफलको विषय बनाइनु अहिलेको आवश्यक हो ।



अहिले पूर्वमाओवादीहरुबीच मात्रै एकता भन्ने कुरा आफैमा अन्योलपूर्ण छ । किनकि यतिबेला पूर्वमाओवादीका जति समूहहरु रहेका छन्, ती सबैमा आफ्नो तत्कालिन एजेण्डाभन्दा बाहिर छन् । साथै माओवादी केन्द्र, नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा र क्रान्तिकारी माओवादीलगायतका सबै समूहमा तत्कालिन जनयुद्धमा भाग नलिएका अन्य कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरुको संख्या पनि उल्लेख्य छ । जसलाई दूधको दूध, पानीको पानी भने जसरी छुट्याउन सकिने अवस्था छैन । नेपालको हालको अवस्था र स्थितिमा पूर्वमाओवादीहरुका बीचमा मात्र एकता भनियो भने त्यो विभिन्न पार्टीमा कलह बढाउने मात्र कुरा हुन्छ । त्यसमाथि पनि पूर्वमाओवादीहरु समेत यतिबेला वैचारिक र सांगठनिकरूपमा विभाजित छन् । त्यतिबेलाको माओवादी आन्दोलनको मुख्य खेमा मानिएको माओवादी केन्द्र कांग्रेससँगको सहकार्यमा छ । माओवादी केन्द्रले ०६३ को राजनीतिक परिवर्तनपछि संसदीय बहुदलीय व्यवस्थालाई पूर्णरूपमा स्वीकार गरेको अवस्था छ । डा. बाबुराम भट्टराईले घोषितरूपमा नै कम्युनिष्ट राजनीतिलाई परित्याग गरिसक्नु भएको छ । उहाँ पनि प्रकारान्तरले नेपाली कांग्रेसलगायतका दक्षिणपन्थी पार्टीहरुको निकटमा पुग्नुभएको देखिन्छ । अर्कातिर नेकपा र क्रान्तिकारी माओवादीलगायतका केही घटकहरु वर्तमान व्यवस्थाकै आमूल परिवर्तनको पक्षमा देखिन्छन् । उनीहरुले आफ्नो दस्तावेजमै माओवादी केन्द्रलाई दक्षिणपन्थी पार्टी भनेका छन् । यस्तो अवस्थामा पूर्वमाओवादीहरुको मात्र एकता असम्भव छ । हालको अवस्थामा सो नारा दिनुभनेको भैरहेको एकतालाई पनि भाँड्ने कुरा मात्र हुन्छ ।

यता, वामदेव गौतमले अगाडि सारेको वाम एकताको कुरा भावनात्मक मात्र देखिन्छ । किनकि पहिलो कुरा त उहाँ पूर्वएमालेका नेता हुनुहुन्छ । उहाँले यसअघि एमालेलाई मात्र दुई पटक विभाजन गराउने भूमिका खेलिसक्नु भएको छ । उहाँसमेतका कारण तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) छिन्नभिन्न भएको अवस्था हो । अब त्यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जुनसुकै शक्तिले जति नै जोड बल लगाए पनि पुरानै अवस्थामा पुर्‍याउन सक्दैन । दोस्रो कुरा, वामदेवले हालै मात्र अलग्गै पार्टी गठनको घोषणा गर्नुभएको छ । त्यसैले हालको आवश्यकता भनेको लचिलो खालको बृहत वाम मोर्चाको निर्माण नै हो । जसका लागि केही निश्चित आधारहरु तयार गरिनु जरुरी हुन्छ ।

### कांग्रेससँगको कार्यगत एकताको अन्त्य

वर्ग संघर्षको सिद्धान्तअनुसार नेपालका कम्युनिष्टहरुको मुख्य वर्ग शत्रु भनेर कांग्रेसलाई मानेका छन् । कम्युनिष्टहरुले लेख्ने प्रत्येक दस्तावेजमा कांग्रेसले राष्ट्रियरूपमा सामन्तवादी र अन्तर्राष्ट्रियरूपमा भारतीय विस्तारवाद र अमेरिकालगायतको पश्चिमी साम्राज्यवादको समर्थन गरेको उल्लेख छ । पछिल्ला घटनाक्रमले कांग्रेसले भारतको संस्थापन पक्ष भाजपासँग कार्यगत एकता गर्ने प्रयास गरेको देखिन्छ

> *स्थापनादेखि नै नेपालको कम्युनिष्ट आन्दोलन निकै टुटफुट र विभाजनबाट अगाडि बढेको छ । कम्युनिष्ट आन्दोलनभित्र व्यक्ति केन्द्रीत आग्रह पूर्वाग्रहले पनि डेरा जमाएको देखिन्छ । त्यसकारण विभिन्न वाम पार्टीका नेताहरुका बीचमा आपसी तिता टर्रा कुराहरु टुंग्याउनु पनि अहिलेको आवश्यकता हो ।*

भने नेपालमा अमेरिकाको नीति तथा कार्यक्रमहरु भित्र्याउन भरमग्दुर कोशिस गरिरहेको छ । हाल कांग्रेसको नेतृत्वमा जुन सरकार रहेको छ, त्यसको निर्माणको पछाडि इण्डो पश्चिमा शक्तिको जोड बलमा भएको विभिन्न घटनाक्रमहरुले देखाउँछन् । त्यसैले वर्तमान सरकारले गर्ने भनेको इन्डो पश्चिमा शक्तिको नेपाल नीतिको कार्यान्वयन हो । जसमा जानेर वा नजानेर नेपालका केही कम्युनिष्ट समूहहरु पनि प्रयोग भैरहेका छन् । त्यसैले नेपालको समग्र कम्युनिष्ट राजनीतिलाई सुधार गर्ने हो भने हाल पाँच दलीय सत्ता गठबन्धनमा रहेका आफूलाई कम्युनिष्ट पार्टी भन्न रुचाउनेहरुले यो वा त्यो बहाना नगरी गठबन्धन सरकारबाट बाहिरिनु नै उपयुक्त छ । त्यसपछि मात्रै सबै कम्युनिष्ट पार्टीहरुका बीचमा छलफलको सम्भावना रहन्छ ।

### कम्युनिष्टबीच सर्वपक्षीय छलफल

संसदमा रहेका वा नरहेका कम्युनिष्ट पार्टीहरुका प्रमुखहरुबीच गोलमेच सम्मेलन आजको सन्दर्भमा आवश्यक छ । सबैले सबैको अस्थित्वलाई स्वीकार गर्नुपर्दछ र आ-आफ्ना दृष्टिकोणहरु खुल्लारूपमा बिना हिचकिचाहट राख्न आवश्यक छ । किनकि आलोचना र आत्मा-आलोचनालाई कम्युनिष्टहरुको मुख्य वैचारिक हतियार मान्ने गरिन्छ । मार्क्सवादी भएको नाताले कसैले कसैको आलोचना गर्न र सुझाव दिन डराउनुपर्ने आवश्यकता छैन । पार्टीहरुका बीचमा विभिन्न विचार र तर्कहरुको बहस भैरहेको हुन्छ । जसलाई व्यवस्थित गर्ने भनेकै आपसी छलफल हो । यस्तो छलफललाई साँघुरो घेराबाट फराकतर्फ अगाडि बढाइनु पर्दछ । अर्थात् शुरुमा ठूला भनिएका कम्युनिष्ट पार्टीका प्रमुखहरुका बीचमा थालिएको छलफललाई विस्तार गर्दै लगिनु पर्दछ । जसले तत्कालका लागि बृहत कम्युनिष्ट मोर्चाको निर्माणका आधारहरु तयार गर्ने छ ।

### वर्ग संघर्षमा आधारित राजनीति

कम्युनिष्ट पार्टी र कम्युनिष्ट राजनीति भनेकै वर्गसंघर्षमा आधारित हुनुपर्दछ । वर्गसंघर्षका नियमबाट च्युतभएको कुनै पनि पार्टी कम्युनिष्ट हुन सक्दैन । वर्ग संघर्ष समाजको वर्ग विश्लेषणका आधारमा हुने गर्दछ । तर नेपालमा पछिल्लो समयमा वर्ग विश्लेषण गर्ने प्रयाससम्म पनि भएको छैन । पछिल्ला दिनको राजनीतिक विश्लेषण अधिकांशतः पूर्वाग्रहमा आधारित छ । त्यसैले कम्युनिष्ट पार्टीका प्रमुखहरुको भेलाले वर्गसंघर्षको राजनीतिलाई आ-आफ्नो पार्टीमा स्थापित गराउने प्रयास हुनु आजको प्रमुख आवश्यकता भएको छ । साथै, कतिपय भन्नेको वर्ग नै रुपान्तरण भएको अवस्था पनि छ । त्यसैले सही नीतिको आधारमा सहकार्य खोजिनु अहिलेको आवश्यकता हो ।

### विगतको सही समीक्षा

पार्टीको स्थापनादेखि नै नेपालको कम्युनिष्ट आन्दोलन निकै टुटफुट र विभाजनबाट अगाडि बढेको छ । कम्युनिष्ट आन्दोलनभित्र व्यक्ति केन्द्रीत आग्रह पूर्वाग्रहले पनि डेरा जमाएको देखिन्छ । त्यसकारण विभिन्न वाम पार्टीका नेताहरुका बीचमा आपसी तिताटर्रा कुराहरु टुंग्याउनु पनि अहिलेको आवश्यकता हो । जब हामी सबैभन्दा उत्कृष्ट समाज सेवा 'राजनीति' गर्न उद्यत छौं भने पूर्वाग्रह त्यागेर अगाडि बढ्नुको विकल्प रहन्न । जसलाई आपसी छलफल र तर्क वितर्कका आधारमा निरन्तर हल गर्दै जानुपर्दछ । कतिपय नेताहरुसँग निकै ठूला घमण्ड र अभिमान पनि छन् । जसको कुनै अर्थ देखिन्न । त्यसकारण अहिलेको समग्र समीक्षासहित अघि बढ्नु नै नेपाली कम्युनिष्ट आन्दोलनको निम्ति महत्वपूर्ण फड्को हो ।

### एजेण्डामा आधारित वाम मोर्चा

कम्युनिष्टहरुको लक्ष्य समाजवाद हुँदै साम्यवादमा पुग्नु हो । त्यसैले तत्कालको लागि न्यूनतम समाजवादी व्यवस्था ल्याउनेगरि अगाडि बढ्नु अति आवश्यक छ । सही अर्थको समाजवादलाई न्यूनतम आधार मानेर बृहत वाममोर्चाको निर्माण अहिलेको आवश्यकता हो । कार्यनीतिक दृष्टिकोणमा विविधता रहेपनि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डता तथा विदेशी हस्तक्षेपका विरुद्धमा सबै कम्युनिष्टहरु एक हुने आधारहरु तय हुनुपर्छ । यस्तो मोर्चा स्थापना हुन सकेको खण्डमा फरक-फरक कित्तामा उभिन आवश्यक हुँदैन । पछिल्लो समयमा कतिपय कम्युनिष्ट पार्टीहरुमा सामन्ती र पुरातनवादी सोचहरु पनि बेलाबखत देखिने गरेका छन् । कतिपय कम्युनिष्ट पार्टीहरु राष्ट्रियरूपमा नेपाली कांग्रेस र अन्तर्राष्ट्रियरूपमा इन्डो पश्चिमा शक्तिको प्रभावमा परेको देखिएको छ । जुन नेपालका सन्दर्भमा गलत प्रवृत्ति हो । पूर्वमाओवादीहरुबीचको एकता, कम्युनिष्टहरुबीच एकता, वाम एकता जस्ता विषय उठान गर्नेहरुले तत्कालै कम्युनिष्टहरुबीच गोलमेल सम्मेलनको आयोजना गर्दै नेपालको मौलिकतामा आधारित सही मार्ग पत्ता लगाउन र अगाडि बढ्ने साहस गरुन ।

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

समानुपातिक सिटलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता देखियो, यो ढाँचामा राख्दा, जात, थर प्रयोग गरी व्यापारी र बिचौलिया नीति बनाउने क्षेत्रमा छिरेर नीतिगत भ्रष्टाचार बढाए ! समानुपातिक सिटलाई गएको मतले नेपालीको सार्वभौमिकताको मानहानि गऱ्यो भने अधिकारमाथि हस्तक्षेप निम्त्यायो ।



**- कमल भट्टराई**

कसले चुकल लगाएर बजेट बनायो, कर छली गरेर खर्बपति बन्यो, ओमनी वाईबडीमा कमीसन खायो, सत्तरी करोडको डिमान्ड गऱ्यो, कसले कृषि फार्मको नाममा खसी भुट्यो ? म त्यता गइन तर, दश वर्षदेखि म कहाँ आउने एउटा समूहले कहिल्यै मोलभाव गरेनन् तर, अहिले गर्न लागे । अर्थतन्त्र बुझ्न यत्ति भए पुग्दैन र सरकार ?



**- सेतेमान तामाङ (च्याङ्बा)**

किसानले बाली खाने बाँदर वा कुनै वन्यजन्तुलाई यदि मारेको खण्डमा किसानलाई कारबाही हुन्छ तर, बाँदर वा बन्यजन्तुले यदि कुनै किसानको बालीनाली नष्ट गरिँदा न क्षतिपूर्ति पाइन्छ, न न्याय । आखिर किसान सधैं अन्यायमा हुनुपर्ने र राज्यको नियम चाहिँ किसानलाई न्याय दिनेभन्दा पनि फसाउने नियत हुन्छ ।



**- किशोर नेपाल**

बरू टंगालको भुँडे गणेशको मूर्तिका अगाडी उभिएर प्रार्थना गरे उनले कुरा सुन्लान् तर, प्रधानमन्त्री देउवा सत्ताको राजनीतिमा यति लिप्त भइसके कि देशमा उच्च शिक्षाको अग्रणी संस्था त्रिचन्द्र कलेजको दुर्दशा देखेर पनि उनको मन पग्लिदैन । कस्तो पाषाण हृदय !



**- सुजित महत**

लघु बीमालगायतका करोडौंका अनि स्टक एक्सचेन्ज जस्तो अर्बौको चलखेल गरी नेप्से टाट पल्टाउने योजना कार्यान्वयन नभएकाले प्रधानमन्त्रीले अर्थमन्त्रीलाई काखमा बोकेर पुल्पुल्याउने काम जारी रहनेछ । राजीनामा प्रधानमन्त्रीको मागौं । विरोध 'हाम गठबन्धन' को गरौं । इनफ इज इनफ !

# बाह्य हस्तक्षेप र नेपाली राजनीति

विचार



● युवराज संग्रौला

इतिहास हेर्दा, हरेक राष्ट्रको विकासले एउटा लामो श्रृंखला पार गर्दै अगाडि आएका छन् । यस श्रृंखलामा, राजनीतिले सामना गरेका दुईवटा मुख्य चुनौती हुन्- पहिलो हो, राजनीति गर्नेमा मौलाएको नैतिकताको पतन, जसले राजनीतिकर्मीलाई भ्रष्ट बनायो र राजनीति अपराधीकरणको जालो समेत बन्यो । भारतमा अहिले ४१ प्रतिशत सासंदहरु एक वा अनेक फौजदारी मुद्दामा मुसीएका छन् । नेपाल त्यस यात्रामा अगाडी बढ्दै छ । दोस्रो हो, राजनीति राजनीतिक विचारधारामा मौलाएको विचारधाराको स्खलन । यो वर्तमान नेपालको यथार्थ अवस्था हो ।

जब विचारधाराको पतन हुन्छ राजनीतिक दलहरूमा, तब नेता व्यक्तिगत स्वार्थमा लिप्त हुन्छन् । उनीहरु राष्ट्रको स्वार्थ परित्याग गर्न किन्चीत संकोच मान्दैनन् । एमसीसी पछि चरणबद्ध रुपमा अमेरिकाबाट भित्रिएको स्टेट पार्टनरसीप कार्यक्रम (एसपीपी) यसैको नमूना हो । यसको रूप र स्वरूप सन् १८४० पछि अमेरिकाले चीनमा यसरी नै आफ्नो अधीन खोजेको थियो । चीन सन् १९४९ मा मुक्त भयो, तर अमेरिका अहिले पनि "वी लस्ट चाइना" भन्ने गर्छ । के चीन अमेरिकाको गोजीको पर्स थियो र हराउने ? यही सोचलाई भनिन्छ "साम्राज्यवाद ।"

नेपाल ७० वर्षदेखि आफ्नो स्वतन्त्रतामा ऐँजुरु (ट्युमर)को सामना गरिरहेको छ । सन् १९२३ मा ब्रीटीस उपनीवेशसँगको सन्धिले नेपालको स्वतन्त्रतालाई 'उपनीवेशी' शासकको नियन्त्रणमा छोड्नु पऱ्यो । सन् १९५० मा स्वतन्त्र भारतले पनि ब्रीटीस उपनिवेशी नीति नै कायम राख्यो । सूक्ष्म व्यवस्थापन भनेको "यही निर्देशीत वा नियन्त्रीत स्वतन्त्रता" को उदाहरण हो । बिडम्बना, नेपाली नेतालाई देशको यो पीडाले कहिल्यै पोलेको देखिन्न । उनीहरु आफ्नो स्वार्थलाई मलजल गर्न सधैँ तल्लीन रहिरहेको देखिन्छ ।

> *चीन गुमाउनु पर्दा बहुलाएको अमेरिकाले नेपाललाई तिब्बती स्वतन्त्रताका नाममा चीनलाई रोक्ने नीति लागू गर्ने भूमी बनायो । आजसम्म अमेरिकाको नेपाल नीति सोही पेरिफेरिमा आधारित छ । नयाँ शिक्षा, एकीकृत परियोजना, हुँदै अहिले एमसीसी र एसपीपीमा आइपुग्दा राजनीतिक पार्टीले जनतालाई झुक्याएका छन् ।*

चीन गुमाउनु पर्दा बहुलाएको अमेरिकाले नेपाललाई तिब्बती स्वतन्त्रताका नाममा चीनलाई रोक्ने नीति लागू गर्ने भूमी बनायो । आजसम्म अमेरिकाको नेपाल नीति सोही पेरिफेरिमा आधारित छ । नयाँ शिक्षा, एकीकृत परियोजना, हुँदै अहिले एमसीसी र एसपीपीमा आइपुग्दा राजनीतिक पार्टीले जनतालाई झुक्याएका छन् ।

कम्युनिस्ट पार्टीहरुको राजनीतिको एउटा नीति साम्राज्यवादको बिरोध गर्नु हो । तर, नेपालमा त्यस्तो छैन । सत्ताको स्वाद लिइरहेका कम्युनिस्ट पार्टीहरु साम्राज्यवादसँग सहकार्य गर्दै छन् । अमेरिकासँग अहिले स्टेट पार्टनरसीप कार्यक्रमको जगजगी छ । युटा राज्यको नेसनल गार्डसँग नेपाली सेनाको सहकार्यको अवस्था सिर्जना गर्न नेपालका राजनीतिक दल क्रियाशिल देखिन्छन् । गठबन्धनको सरकार छ, त्यसमा दुइटा कम्युनिस्ट पार्टी सामेल छन् । अर्को विपक्षीमा छ, तर विपक्षी सत्तामै रहेको बेला सन् २०१९ मा यो कार्यक्रम अमेरिकाले घोषित गरेको हो । अमेरिकाले आफ्नो आधिकारिक वेभसाइटमा तत्कालिन समय नै नेपाल एसपीपीमा सहभागि भएको स्पष्ट पारेको छ । तर, अहिले सत्ता र सत्ता बाहिर हुनेले एसपीपीमा नौटंकी नै गरेका छन् । सत्ता बाहिरको सेनालाई दोष देखाएको छ भने सत्तामा बस्नेले फिर्ता गरिएको नाटक गरेको छ । नेपालको वर्तमान राजनीति राष्ट्रलाई धोकादिने एउटा संयन्त्रमा परिणत भएको छ । यस अवस्थाले देशभक्त नागरिकलाई पीडा हुन्छ ।

देशमा अल्पज्ञानको खेती बनमारा पलाएझैं पलाएको छ । बौद्धिक जमात मुर्छीत छ । देशमाराहरु एमसीसी समर्थनमा डुक्रीन्थे, अहिले स्टेट पार्टनरसीप कार्यक्रम (एसपीपी)को चर्चा भइरहँदा दुलामा पसेका छन् । यो कार्यक्रमले अमेरिकी सेनालाई नेपाल आउने बाटो खुल्छ । यो कुन आर्थिक सहयोगको कार्यक्रम हो ? जनतालाई तिनले जवाफ दिनुपर्छ ।

यो फोहोर राजनीतिमा स्वतन्त्रका नाममा अर्को अराजकताको निर्माण भइरहेको छ । अब देशले राजनीति नेतृत्वमा उत्पादनशील, देशभक्त समाजवादीहरुको एकता र नेतृत्वको अवसर निर्माण गरेको छ । नेपाललाई अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाको मारबाट जोगाउनु हरेक नागरिकको कर्तव्य हो ।

***(लेख संग्रौलाको फेसबुकबाट साभार गरिएको हो ।)***

# जिल्ला न्यायाधीशको सिफारिस नगरे आन्दोलन



**काठमाडौं/मस-** ट्रेड युनियनहरूले असार मसान्तभित्र जिल्ला न्यायाधीशको नियुक्ति सिफारिस नगरे आन्दोलनमा जाने घोषणा गरेका छन् ।

चारवटा निजामति ट्रेड युनियनले असार मसान्तभित्रै जिल्ला न्यायाधीशको सिफारिस गर्न माग गर्दै न्याय परिषद् र सर्वोच्च अदालतको ध्यानाकर्षण गराएका हुन् ।

मंगलबार चारवटा संगठनबाट जारी विज्ञप्तिमा जिल्ला न्यायाधीशको सिफारिस र नियुक्ति नहुँदा न्याय सम्पादनमा ढिलाई भएको र शीघ्र न्याय पाउने हकमा बन्देज लागेको भन्दै मापदण्ड बनाउने नाममा न्यायाधीश सिफारिसमा ढिलाई नगर्न ध्यानाकर्षण गराएको हो ।

नेपाल निजामति कर्मचारी संगठन, नेपाल निजामति कर्मचारी युनियन, राष्ट्रिय कर्मचारी संगठन निजामति र एकीकृत सरकारी कर्मचारी संगठनका तर्फबाट संयुक्त पत्र जारी गर्दै न्यायाधीशको सिफारिससम्बन्धी मापदण्डमा कर्मचारीको पनि सरोकार रहेको भन्दै छलफलमा सहभागी गराउनुपर्ने उनीहरुको माग छ ।

# आलुको बोरामा भेटियो ८३ लाख रुपैयाँ



**धनुषा/मस-** ८३ लाखभन्दा बढी नेपाली रुपैयाँसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनकनन्दनी गाउँपालिका-१ इनरूवाबाट ३६ वर्षीय ईश्वर मण्डल र १९ वर्षीय राजेश ण्डल छन् ।

प्रहरीका अनुसार उनीहरू ज ७ प ५००७ नम्बरको मोटरसाइकलमा भारतबाट नेपाल आउँदै गर्दा पक्राउ परेका हुन् । भारतबाट ल्याउँदै गरेको आलुको बोरा शंका लागेर जाँच गर्ने क्रममा ८३ लाख ६४ हजार ५ सय नेपाली रुपैयाँ फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले मोटरसाइकलसहित उनीहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहको छ ।

# अपहरणमा परेका बालकको सकुशल उद्धार

**जनकपुर/मस-** जनकपुरबाट अपहरणमा परेका तीन वर्षीय बालकलाई प्रहरीले १५ दिनपछि सकुशल उद्धार गरेको छ । भारत सीतामढी बर्गानिया प्रखण्ड घर भई हाल धनुषाको जनकपुर उपमहानगरपालिका-७ भमरपुराचोक डेरा गरी बस्ने हरिओम चौधरीको तीन वर्षीय नाबालक छोरा सोहन चौधरीको दुई सातापछि प्रहरीले उद्धार गरेको हो ।

अपहरणमा संलग्न रहेको आरोपमा प्रहरीले एक महिलालाई बालकसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको पिपरा गाउँपालिका-४ बस्ने ५५ वर्षीया मैथुन खातुन छिन् । खातुनलाई बालकसहित प्रहरीले मंगलबार दिउँसो पक्राउ गरेको हो ।

आफ्नै घरमा बालकलाई लिएर खातुन लुकेकी थिइन् । विशेष सुराकीको आधारमा पत्ता लगाई बालकको उद्धार गरी ती महिलालाई पक्राउ गरिएको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिए ।

गत असार ६ गते बिहान ७ बजे घर अगाडि खेल्न कोठाबाट बाहिर निस्केका बालक अपहरणमा परेका थिए । एक महिलाले बालक लगेको स्थानीयवासीले भने पनि ती महिलाको परिचय खुलेको थिएन ।

जानकारी हुने बित्तिकै बालकको खोजतलासमा धनुषा प्रहरी सक्रिय भएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले इलाका प्रहरी कार्यालय सहोडवा, महोत्तरीको सहकार्यमा बच्चा अपहरण गर्ने महिलालाई घरबाटै पक्राउ गरेको जनाएको छ । पक्राउ परेकी खातुनउपर अपहरण तथा शरीर बन्धक शीर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान अगाडि बढाइएको प्रहरी उपरीक्षक रजौरेले बताए ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०३/१४ मा दर्ता भएको **प्रा.लि. नं. ७३९१९** को **बालपुत्र कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/०२/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०९/१७ मा दर्ता भएको **प्रा.लि. नं. १६१०८८** को **ओम सत्य वन वातावरण बायो इन्जिनियरिङ्ग निर्माण सेवा प्रा.लि.** को मिति २०७९/०३/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना

**लिक्विडेटरः पुरुषोत्तम पराजुली,**
**इजाजतपत्र नं. ५०१**

# विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरि यस विनयी त्रिवेणी गाउँकार्यपालिकाको मिति २०७९/०३/२१ गतेको निर्णय, तथा जिल्ला विपदको निर्णय अनुसार खोला खण्डको बगर क्षेत्रको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदिजन्य पदार्थ तपशिल बमोजिम डम्पिंग भएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गरि राजस्व असुली सम्बन्धी काम ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । मिति २०७९/०४/१९ गते भित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म कम्पनीहरुले देहायको मिति र समय भित्र (Hard Copy) बोलपत्र खरिद गरि बोल कबोल गर्न आब्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### ठेक्का विवरण

| सि.न. | आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | आ.व. २०७८/०७९ को लागि निधारण गरिएको परिमाण (घ.फि.) | प्रति घनफिट दर रु. | कुल न्युनतम रकम (कर तथा भ्याट बाहेक) | बोलपत्र दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 11/NCB/Rev/ BT/2078-079 | जैकुटी | विनयी खोला हाईवे पुल तलबाट इट्टाभट्टा सम्मको खण्ड | ४८४२००.०० | १६.०० | ७७४७२००.०० | ३०००.०० | |
| २ | 12/NCB/Rev/ BT/2078-079 | पहेलभिता हाइवे पुल माथि | विनयी खोला हाईवे पुल माथिबाट सी.जी. सिमेन्ट उधोग पुर्व सम्मको खण्ड | २३२१२०.०० | १६.०० | ३७१३९२०.०० | ३०००.०० | |
| ३ | 13/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (भैरब बाबा कम्पनि नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ३२४४०.०० | १६.०० | ५१९०४०.०० | ३०००.०० | |
| ४ | 14/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (नमोबुद्ध सप्लायर्स एण्ड स्याण्ड प्रोसेसिङ कम्पनि नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ६६४३०.०० | १६.०० | १०६२८८०.०० | ३०००.०० | |
| ५ | 15/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (सुन्टाडी बालुवा प्रशोधन केन्द्र कम्पनि अगाडी) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ६९३००.०० | १६.०० | ११०८८००.०० | ३०००.०० | |
| ६ | 16/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (मगर घाट नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | २७९००.०० | १६.०० | ४४६४००.०० | ३०००.०० | |
| ७ | 17/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (सिमलको रुख मुनि ) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ८७१००.०० | १६.०० | १३९३६००.०० | ३०००.०० | |
| ८ | 18/NCB/Rev/ BT/2078-079 | घुसेरी (बिन्दबासिनी बालुवा प्रसोधन केन्द्र नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | १४२२९०.०० | १६.०० | २२७६६४०.०० | ३०००.०० | |
| ९ | 19/NCB/Rev/ BT/2078-079 | सुनाही तल्लो खण्ड, सुनाई खोला माथिल्लो खण्ड, सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक | सुनाई खोला माथिल्लो खण्ड | ३०९१५०.०० | १६.०० | ४९४६४००.०० | ३०००.०० | |
| १० | 20/NCB/Rev/ BT/2078-079 | खोरंडी | खोरंडी खोला | १८६७५०.०० | १६.०० | २९८८०००.०० | ३०००.०० | |
| ११ | 21/NCB/Rev/ BT/2078-079 | सिलौटेघाट पुल माथि (खयरघारी) | विनयी खोला सिलौटेघाट पुल माथि देखि दुम्कट्टा पुछार सम्म | ३०६४५०.०० | १६.०० | ४९०३२००.०० | ३०००.०० | |
| १२ | 22/NCB/Rev/ BT/2078-079 | जोलुंगे पुल माथि पाखापानी (गोम्दी चुकाहा सिमाना ) | विनयी खोला गौरीफोक पुच्छार देखि मसान मजुवा सम्म | ३९६४५०.०० | १६.०० | ६३४३२००.०० | ३०००.०० | |
| १३ | 23/NCB/Rev/ BT/2078-079 | पुल माथि, मभुवा र मसानमभुवा | मसानमजुवा देखि खुम्बरीसम्म | १८४९५०.०० | १६.०० | २९५९२००.०० | ३०००.०० | |

### शर्तहरू

१. आय बोलपत्र भर्दा भ्याट बाहेकको कबोल अंङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंङ्क बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ । कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
२. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०७९ साल असोज मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन ।
३. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको सिद्धार्थ वैक लि. दुम्किवास स्थित बैंक खाता नं. ००८१५१५३३२६ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
४. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना भुक्तान भएको सात दिन भित्र उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ ।
५. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।
७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मिति २०७९/०३/२२ देखि २०७९/०४/१९ गते सम्म बोलपत्र खरिद गरि २०७९/०३/२२ देखि २०७९/०४/२० गते दिनको १२.०० बजेसम्म विनयी त्रिवेणी गाउँपालिको राजस्व शाखामा बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे यस कार्यालयमा खोलिनेछ ।
८. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
९. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
१०. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।
११. वोलपत्र दस्तुर वापतको रकम सिद्धार्थ वैक दुम्किवास शाखामा रहेको यस विनयी त्रिवेणी गा.पा. आन्तरिक राजश्व खाताको खाता नं. ००८१५४१३०७८ मा जम्मा गरि वैक भौचर अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

### आय ठेक्का सम्बन्धी अन्य शर्तहरू

१. आय रकमको भुक्तानी सम्झौता गर्दाका बखत एकमुष्ठ गर्न सकीनेछ । एकमुष्ठ भुक्तानी दिन नसकेमा अन्तिम किस्ता भूक्तानीको मितिले ९० दिन थप अवधिको कार्यसम्पादन वैक जमानत पेश गरि देहायको तालिका अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम र सो ५० प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत । |
| दोश्रो तथा अन्तिम | २०७९ साल असोज मसान्त भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम र सो ५० प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत । |

२. ठेक्का कबोल गर्ने ठेकेदारले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
३. माथि शर्त नं. २ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।
४. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रबाट उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
५ ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।
७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।
८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थान तथा गाउँपालिकाले डपिंग गरेको स्थान बाहेक अन्य ठाउँबाट संकलन गर्न पाईने छैन ।
९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।
१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।
११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।
१२. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।
१३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र तथा दरभाउपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।
१४. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७७७८ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी तथा कर चुक्ता प्रमाणपत्रको म्याद थप पत्र संलग्न राखी पेश गर्नु पर्नेछ ।
१५ ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
१६. नदिजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ ।
१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि,वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
१९. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
२०. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# गर्भवती महिलाको पोषण स्वास्थ्यमा वडाध्यक्षको तलब

**गुल्मी/मस –** गुल्मीको मुसिकोट नगरपालिका वडा नं ६ का वडाध्यक्ष खड्क बहादुर खड्काले आफ्नो तलब गर्भवती महिलाहरुको पोषण स्वास्थ्यका लागि खर्च गर्दै आएका छन् । दोश्रो कार्यकालको लागि वडाध्यक्ष पदमा निर्वाचित खड्काले आफ्नो पहिलो कार्यकालबाटै स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलालाई पोषण कोशेली प्रदान गर्दै आएका छन् ।



स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई प्रोत्साहन स्वरुप आफ्नो तलबबाट १ हजार रुपैयाँ दिने गरेको खड्काले बताए ।

पाँच वर्षमुनिका बालबालिका, किशोरी, गर्भवती तथा स्तनपान गराइरहेकी महिलाको पोषण अवस्था सन्तोषजनक गराउन र न्यून आय भएका व्यक्तिहरुलाई थोरै भएपनि सहयोग होस् भन्ने उद्देश्यले सहयोग गरेको खड्काको भनाइ छ ।

नेपालमै पहिलो पटक आफुले यस्तो कार्यक्रम घोषणा गरेको दाबी गर्दै खड्काले अहिले अन्य स्थानीय तहहरुले पनि कार्यक्रमलाई पछ्याएको उनको भनाइ छ ।

खड्काले वडा नं ६ स्थित कुर्घा स्वास्थ्य चौकीमा सुत्केरी हुने वडा भित्रका महिलालाई रकम दिँदै आएका छन् । उनले पहिलो कार्यकाल २०७४ देखि २०७९ हालसम्म उक्त स्वास्थ्य चौकीमा गर्भवती भएका ६७ जना गर्भवती महिलालाई सहयोग गरेका कुर्घा स्वास्थ्य चौकीकी अनमी पार्वती गाहाले जानकारी दिइन् ।

त्यस्तै दोश्रो कार्यकालका लागि निर्वाचित भएपछि पनि उनले सहयोग कार्यक्रमलाई निरन्तरता दिएको उनले बताए ।

मुसिकोट नगरपालिकाका स्वास्थ्य सयोंजक डिबी जिसीले वडाध्यक्ष खड्काले उदाहरणीय कार्य गरेको बताए । न्यून पोषण भएका महिलाहरुलाई पोषण प्रवर्द्धन गर्न उनले रचनात्मक काम गरेको भन्दै जिसीले अन्य वडाका वडाध्यक्षले पनि यो कार्यक्रमको सिको गर्न सकेमा नगरपालिकाले लिएको जिरो होम डेलिभरीको लक्ष्य पुरा हुने विश्वास व्यक्त गरे ।

# बागमतीका दुई विधेयक प्रमाणीकरण

**काठमाडौं/मस–**बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा २०१ को उपाधारा (१) बमोजिम मंगलबार दुई वटा विधेयक प्रमाणीकरण गरेका छन् ।

उनले आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यका लागि प्रदेश सञ्चितकोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका हुन् ।

बागमती प्रदेशसभाको यही असार १६ गते बसेको बैठकबाट पारित भई नेपालको संविधानको धारा २०१ को उपाधारा (२) बमोजिम सभामुखबाट सिफारिस ती विधेयकलाई प्रदेश प्रमुख शर्माबाट प्रमाणीकरण भएको प्रदेश प्रमुख कार्यालयका प्रवक्तासमेत रहेका उपसचिव कृष्णप्रसाद आचार्यले बताए।

आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यका लागि प्रदेश सञ्चितकोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेश सरकारलाई खर्च गर्न र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकले राजस्व संकलनका लागि बाटो खोलेको प्रदेश प्रमुख कार्यालयका कानून अधिकृत प्रकाश चापागाईंले बताए ।

## वृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बिश्रामपुर, रौतहट**
**मधेश, प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/०३/२२**

यस कार्यालयको सूचना मिति २०७९/०३/२१ गते ठेक्का नं. Brindaban/Schl-Bldg/2/078/079, Construction of Hardiya Ma.Vi.School Bulding को बोलपत्र आह्वानको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुन आएका बोलपत्र दाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | Brindaban/Schl-Bldg/2/078/079 | Construction of Hardiya Ma.Vi.School Bulding | Dhulikhel-Axis Asian Jv Baneshwor-10, Kathmandu | ३,२७,८२,४३४.६७ |

**प्रमुख प्रशासकीय अधिकृत**

## गोलन्जोर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**ग्वालटार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### भवन भाडामा लगाउने सम्बन्धी कार्यको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०३।२२**

गोलन्जोर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, ग्वालटार-३, सिन्धुलीले निम्न उल्लेखित संरचनाहरु भाडामा लगाउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा संस्था एवं व्यक्तिले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

१. शिलबन्दी दरभाउपत्र फारम यस गाउँपालिकाबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रोपाइटर वा नीजको अधिकृत प्रतिनिधिबाट रु. १०००।- (रु. एक हजार मात्र ।) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाबाट खरीद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले रु १०।- को टिकट टाँसी नियमानुसार कागजात दस्तुर तिरेको रसीद पेश गरी निवेदन दिनुपर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण-पत्र, ठेक्का (इजाजत) प्रमाण-पत्र, आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाण-पत्र र गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै च्यापटिङ्ग संचालनको निम्ति सम्बन्धित निकायबाट जारी भएको इजाजत प्रमाण-पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. खरीद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र यस गाउँपालिकामा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्रहरु ८ औं दिनको २:०० बजे यस गाउँपालिकामा उपस्थित दरभाउपत्र दाता वा नीजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा नीजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरीद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै गाउँपालिका खुलेको दिन दरभाउपत्र खरीद गर्न र बुझाउन सकिनेछ ।
५. दरभाउपत्र खाम बाहिर दरभाउपत्र नं., दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।
६. जमानत वापत कबोल गरेको अकंको ५% हुन आउने रकम यस गाउँपालिकाको सिद्धार्थ बैक ग्वालटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. ०२११५०८२७४५ मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।
७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
८. एउटा फर्म वा व्यक्तिको नामबाट खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नाममा दाखिला गर्न पाइने छैन ।
९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।
१०. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्र दाता स्वयंले बुझाउनु पर्नेछ ।
११. च्यापटिङ्ग संचालनको निम्ति भाडामा लिने फर्म वा संस्थाले अनिवार्यरुपमा च्यापटिङ्ग संचालन गरेको हुनुपर्नेछ ।
१२. कुनै शर्त राखी पेश गरेको दरभाउ उपर कारवाही हुनेछैन ।
१३. सूचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको दरभाउपत्र फारममा कुनै थपघट गरेको, रीत नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।
१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।
१५. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | संरचनाको विवरण | न्युनतम बोल/कबोल अंक (१२ महिना अवधिको लागि) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/८० | भवन भाडामा लगाउने (च्यापटिङ्ग संचालनको निम्ति खुर्कोट र बलेनीमा निर्मित संरचना) सम्बन्धी कार्य | खुर्कोट:<br>१. क्याफे भवन: (किचन स्टोर ८'-०"X१३'-६", किचन १०'-४"X१३'-६" डाइनिङ्ग २७'-६"X१३'-६")<br>२. चेनजिङ्ग भवन: (जेन्स चेनजिङ्ग रुम १०'-०"X१०'-०", लेडिज चेनजिङ्ग रुम १०'-०"X१०'-०", जेन्स ट्वाइलेट ११'-९"X१०'-०" र लेडिज ट्वाइलेट ७'-९"X१०'-०")<br>३. ८ वटा सटर: (कोठाको साइज १०'-०"X१०'-०")<br>बलेनी:<br>१.क्याफे भवन: (किचन स्टोर ८'-०"X१३'-६", किचन १०'-४"X१३'-६", डाइनिङ्ग नं. १. २७'-६"X१३'-६", डाइनिङ्ग नं. २. २७'-३"X१३'-६", जेन्स ट्वाइलेट १३'-६"X६'-४" र लेडिज ट्वाइलेट १३'-६"X६'-४")<br>२. जेन्स चेनजिङ्ग भवन: (जेन्स चेनजिङ्ग रुम १४'-९"X१०'-०" र जेन्स ट्वाइलेट १३'-९" X १०'-०")<br>३. लेडिज चेनजिङ्ग भवन: ( लेडिज चेनजिङ्ग रुम १४'-९" X १०'-०" र लेडिज ट्वाइलेट १३'-९" X १०'-०")<br>४. क्यास काउन्टर: ११'-३" X ११'-३" | १०,००,०००।- (मु.अ.कर बाहेक) | १,०००।- |
| २ | ०२/०७९/८० | भवन भाडामा लगाउने (सोला भन्ज्याङ्गमा निर्मित सटर) सम्बन्धी कार्य | ३ वटा सटर : (कोठाको साइज १०'-०" X १०'-६") | २,५२,०००।- (मु.अ.कर बाहेक) | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

## मलेसियामा रोजगार | कम्पनी: ESON BATUPAHAT PRECISION ENGINEERING SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०३/२१ | चलानी नं.: ६०१८२६३० | LT. No.: 266720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr@outlook.com Website: www.amityhr.com

## KUWAIT मा रोजगारको अवसर | कम्पनी: VILLA FIVE COFFEE AND RESTAURANT
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०३/२१ | चलानी नं.: ६०१८२६३१ | LT. No.: 266733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 4 | 0 | स. काममा दक्ष | 125 | ५१,३५२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner | 11 | 0 | | 100 | ४१,०८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.**
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567, 9801320043, 9851188404
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

## मलेसियामा रोजगार | कम्पनी: KAWAL HIKMAH SDN BHD
शहर: SHAH ALAM

पूर्व स्वीकृत मितिः २०७९/०१/०९ | चलानी नं.: ६०१७८२२५ | L.T. No.: 261715 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Mitranagar Buspark-26, Kathmandu, Nepal | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

## UAE मा रोजगार | कम्पनी: MANGUARD GENERAL SECURITY GUARD SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०३/२१ | चलानी नं.: ६०१८२५६४ | L.T. No.: 266576

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 19 | 4 | स. काममा दक्ष | 1200 | ४१,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोन: ४३८४८३२, ४३८४८३३
Ktm Office Mob. No.: 9813172623, 9803591957,9841422188
9847824812, 9846912202, 9869244000

## मलेसियामा रोजगारको अवसर | कम्पनी: SUKIYA SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०३/२१ | चलानी नं.: ६०१८२५८१ | L.T. No.: 266666

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Workers | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Worldnet Human Resources Manpower Pvt. Ltd.**
इजाजत पत्र नं. ७३९/०६४/०६५
Sitapaila-15, Milan Tole, Kathmandu, Nepal
G.P.O Box No:. 8975 Tel : 4034800, 4034587, 9851066550, 9818698800
9851179715, 9849644715, 9841475361
E-mail : worldnethumanresource@gmail.com, admin@worldnethr.com, website:. www.worldnethr.com

# सुशासन कायम राख्न स्वमूल्याङ्क सम्बन्धी अनुशिक्षण

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २१ असार




दैलेखको महाबु गाउँपालिकामा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याकंन सम्बन्धी पालिका स्तरीय एक दिवसीय अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

स्थानीय तहको स्वमुल्याकंनमा सहयोग गर्ने उदेश्यले महाबु गाउँपालिकाको आयोजना एक दिने कार्यक्रम गरिएको हो ।

प्रचलित नियम कानूनको बारेमा जानकारी गराउने, न्यायिक समितिको क्षेत्राधिकार र कार्यप्रक्रियाको बारेमा जानकारी गराउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको महाबु गाउँपालिकाका प्रमुख प्रशासकीय भोलाराम पंगालीले जानकारी दिए ।

महाबु गाउँपालिकाकी उपाध्यक्ष मञ्जु पाण्डेले पालिकाभित्र रहेका जनप्रतिनिधि र कर्मचारीले सेवाग्राहीलाई सेवा प्रदान गर्दा सकारात्मक सोचका साथ गर्नु आवश्यक रहेको बताइन् ।

उनले भनिन्, 'यो कार्यक्रमले पालिकाभित्र रहेका जनप्रतिनिधि, कर्मचारीको इमान्दारिता र लगनशिलताले लक्ष्यमा पुर्‍याउन सहयोग पुग्नेछ ।'

कार्यक्रममा दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी गणेश प्रसाद कोइरालाले यो कार्यक्रमले समग्रमा सुशासन कायम राख्दै स्वच्छ प्रतिस्पर्धा कायम गर्न सहयोग पुग्ने बताए ।

स्थानीय सकारले संस्थागत स्वमुल्याङकन गर्दा स्थानीय सरकारको शासकीय प्रबन्ध, वार्षिक बजेट तथा योजना, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सामाजिक समावेशीकरण, सेवा प्रवाह कार्यहरू गर्नुपर्ने जोड दिए । कार्यक्रममा महाबु गाउँपालिका भित्रका जनप्रतिनिधि र गाउँपालिका अन्तर्गतका शाखाका प्रमुखहरुको सहभागिता रहेको थियो ।

## गुल्मी डायरी

अनिष पन्थी/मध्यान्ह

### सेवाग्राहीको काममा ढिलासुस्ती नगर्न नगरप्रमुखको निर्देशन



गुल्मीको रेसुङ्गा नगरपालिका नगरप्रमुख खिलध्वज पन्थीले सेवाग्राहीको काममा ढिलासुस्ती नगर्न कर्मचारीहरुलाई निर्देशन दिएका छन् । एउटै कामका लागि पटक-पटक नगरपालिका धाउँनपर्ने बाध्यताको अन्त्य गर्न नगरका सम्पूर्ण शाखा प्रमुखलाई उनले निर्देशन दिएका हुन् । नगरप्रमुख पन्थीले नगरको भौतिक विकास आर्थिक विकाससँगै यहाँका हरेक सुशासनका कुरा हरेक विषयमा पारदर्शी ढङ्गले अगाडि बढ्न निर्देशन दिएका छन् । सेवाग्राहीका कामलाई झनझटिलो नहुने गरि सहज तरिकाले पाँच मिनेटमै सकिने गरी अगाडि बढ्न पन्थीले निर्देशन दिएका हुन् । उनले कर्मचारीलाई निर्देशन दिँदै उनले सेवाग्राहीले गुनासो नराख्ने गरि काम गर्नुपर्नेमा जोड दिएका थिए ।

### रेसुङ्गा नगरपालिकामा सार्वजनिक सुनुवाइ




गुल्मीको रेसुङ्गा नगरपालिकामा सार्वजनिक सुनुवाइ गरिएको छ । लुम्बिनी प्रदेश प्रतिष्ठानको आयोजना तथा डेक नेपालको सहजीकरणमा सोमबार रेसुङ्गा नगरपालिका गुल्मीको सभाहलमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो । सार्वजनिक सुनुवाइमा उपस्थित नगरवासीहरुले आफ्ना जिज्ञासा जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित शाखाका प्रमुखहरुलाई राखेका थिए ।

सार्वजनिक सुनुवाइमा नगरप्रमुख खिल्ध्वज पन्थीले नगरको विकास, सुशासन, भ्रष्टाचार र अनियमितताको बारेमा नागरिकले खबरदारी गर्नुपर्ने बताए । लोकतन्त्रमा भएकाले आफ्नो जिज्ञासाहरु हरेक समय राख्न नगरवासिलाई अनुरोध गरेका छन । साथै उनले जनताका सल्लाह, सुझाव अनुसार नगरपालिका अगाडि बढ्ने बताएका छन् । कार्यक्रममा नेपाल नेत्र ज्योति संघ गुल्मीका अध्यक्ष शेर बहादुर थापाले बर्खाको समय भएकाले प्राकृतिक विपत्ति तथा प्रकोपहरुबारे नगरपालिकाले पूर्वतयारी गर्नुर्ने बताए । कार्यक्रममा उपस्थित नगरवासीले नगरको विकासमा एक भएर लाग्न आग्रह गरेका थिए । कार्यक्रममा, उपप्रमुख अमृता देवि कुँवर, प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनी लगायत १४ वटा वडाका जनप्रतिनिधि, कर्मचारी, पत्रकार, नागरिक समाजलगायतको उपस्थिति रहेको थियो ।

## बोक्सीको आरोपमा कुटपिट गर्ने धामी पक्राउ

**संखुवासभा/मस**–बोक्सीको आरोपमा कुटपिट गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धर्मदेवी नगरपालिका-२ तामाफोक बस्ने ३७ वर्षीय मोहन बहादुर कार्की रहेका छन् । उनलाई सोमबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

झारफुक गर्न गएकी ती महिलालाई असार १४ गते बोक्सीको आरोप लगाई धामी कार्कीले कुटपिट गरेको प्रहरीले जनाएको छ ।

कुटपिटबाट उनी घाइते भएको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी मुढेशनिश्चरेबाट खटिएको प्रहरीले कार्कीलाई पक्राउ गरेको हो । घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०३/२२**

**समृद्ध समाज सव रेमिट प्रा.लि.**को मिति २०७९/०२/१६ र २०७९/०२/१९ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईन्फिनिटी ग्लोबल इन्टरप्राईजेज प्रा.लि. (प्रा. लि. नं.: १३७८९९**, कायम गर्ने गरी मिति २०७९/०२/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**फ्रि भिसा, फ्रि टिकट, शून्य लागतमा मलेसियामा रोजगारी**

कम्पनी : NOZOMI MARKETING (M) SDN.BHD. शहरः SELANGOR

पुर्व स्वीकृत मितिः २०७६/१०/२२ चलानी नं.: ६०१५१२०२ L.T. No.: 232299 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३४,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २९ गते (13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

